**डढेलोबाट बचौं र बचाऔं**

- सलाई, लाइटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जङ्गलमा सलाई तथा लाइटरको प्रयोग नगरौं र गर्नैपर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जङ्गलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

**सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

epateekdaily.com

**जनहितमा जारी सन्देश**

- हावाहुरीबाट बच्न घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्याल–ढोका बन्द गरौं,
- छतका गमला सुरक्षितरूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुला नछाडौं,
- सवारीसाधनमा रहँदा हावाहुरी चलेमा सवारीसाधन रोकेर सुरक्षित स्थानमा बसौं ।


**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ वैशाख १७ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 April 29 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २३७

## हरिखेतान क्याम्पसमा व्यापक तोडफोड, लाखौंको क्षति


तस्वीरः नितेश कर्ण









प्रस, वीरगंज, १६ वैशाख/

हरि खेतान बहुमुखी क्याम्पस वीरगंजमा आइतवार नेशनल इन्फोटेक कलेजका विद्यार्थीहरूले तोडफोड गरेर लाखौं मूल्यको क्षति पुऱ्याएका छन् ।

शुक्रवारदेखि सो क्याम्पसमा कक्षा १२ को परीक्षा सञ्चालन भइरहेको र नेशनल इन्फोटेक कलेजका विद्यार्थीहरूका लागि मात्र सेन्टर रहेकोमा आज परीक्षा सकिएको आधा घण्टापछि परीक्षा दिएर घर फर्केका विद्यार्थीहरू पुनः क्याम्पसमा प्रवेश गरेर तोडफोड गरेका हुन् ।

विद्यार्थीहरूले क्याम्पसमा रहेका छवटा बस, दर्जनभन्दा बढी मोटरसाइकल, राष्ट्रिय परीक्षा बोर्ड हेटौंडाका प्रमुख चढ्ने गाडी, क्याम्पसको कक्षा कोठा र कम्प्युटर ल्याबमा तोडफोड गरी व्यापक क्षति पुऱ्याएका छन् ।

आज बिहान ८ बजेदेखि परीक्षा शुरू भएको र निर्धारित तीन घण्टापछि परीक्षा शान्तिपूर्णरूपमा सकिएको थियो। परीक्षा सकिएर विद्यार्थीहरू बाहिरिएका र त्यसको आधा घण्टापछि विद्यार्थीहरू क्याम्पसमा प्रवेश गरेर तोडफोड गरेको क्याम्पस प्रमुख किशोरी रायले बताए । उनले विद्यार्थीहरूले क्याम्पसका बस, परीक्षा बोर्डका प्रमुख चढ्ने गाडी, कम्प्युटर कक्ष, परीक्षा कोठाहरूमा रहेका डिजिटल बोर्डहरू र दर्जनभन्दा बढी मोटरसाइकल ठूलो नालामा फालेर करीब एक करोड रुपैयाँभन्दा बढीको क्षति पुऱ्याएको बताए । उनले परीक्षा शुरू भएदेखि आफूलाई सो कलेजबाट विद्यार्थीहरूसँग दुर्व्यवहार गरेको आरोपसहित परीक्षामा कडाइ नगर्न फोनमार्फत आग्रह गरिएको बताए। उनले सोही कलेजका शिक्षकहरूलाई परीक्षा केन्द्रमा चेकजाँचका लागि पठाउन आग्रह गरेको र विद्यार्थीहरूसँग कुनै दुर्व्यवहार नगरिएको दाबी गरे ।

परीक्षामा कलेजका विद्यार्थीहरूको राम्रो अङ्क आओस् भन्ने अभिप्रायले विद्यार्थीहरूलाई सहुलियत दिन आग्रह गरिएको र विधिसम्मतरूपमा परीक्षा लिएकै कारण क्याम्पसमा तोडफोड गरिएको क्याम्पस प्रमुख रायले आरोप लगाए। उनले राष्ट्रिय परीक्षा बोर्ड, हेटौंडाका प्रमुख आजको परीक्षा र तोडफोडको साक्षी रहेको बताए। उनले आजको क्षति उपलब्ध गराउनु पर्ने माग गरेका छन। आफुले यसबारेमा प्रजिअ दीनेससागर भुषालको ध्यानाकर्षण पनि गराएको प्रमुख रायले बताए ।

विद्यार्थीहरूले भने हरि खेतान क्याम्पसले परीक्षाको क्रममा आफूहरूसँग दुर्व्यवहार गरेको भन्दै न्यायको माग गरेका थिए । उनीहरूले 'वी वान्ट जस्टिस' भन्दै हरि खेतानमा प्रदर्शन गरेको र तोडफोड गरेको प्रत्यक्षदर्शीहरूले बताए ।

परीक्षा मर्यादितरूपमा सम्पन्न गर्नका लागि हरि खेतान क्याम्पसमा सुरक्षाकर्मीहरूको पनि व्यवस्था गरिएको थियो । तर सुरक्षाकर्मीहरूको सङ्ख्या कम भएकाले उनीहरूले क्याम्पसमा भएको तोडफोड रोक्न सकेनन् । पछि थप सुरक्षाकर्मीहरू आएपनि उनीहरूले तोडफोडमा संलग्न कसैलाई पनि पक्राउ गरेनन्। पर्सा प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाले घटनामा संलग्न विद्यार्थीहरू पक्राउ नपरेको बताए। प्रहरी उपरीक्षक कुमोध ढुङ्गेलले जिल्ला प्रशासन कार्यालय, पर्सामा दुई पक्षबीच वार्ता भएको र भोलिदेखि त्रिजुद्ध माविमा परीक्षा केन्द्रको व्यवस्था मिलाइएको बताए ।

## एमाले पर्सामा पनि दुई समूह निर्वाचनबाट नेतृत्व चयन हुने



तस्वीरः फाइल

प्रस, वीरगंज, १६ वैशाख/

नेकपा एमाले पर्सा जिल्ला कमिटीको नयाँ नेतृत्व चयनको लागि भोलि वैशाख १७ गते सोमवार अधिवेशन हुँदैछ । अधिवेशन उद्घाटन गर्न अध्यक्ष केपी शर्मा ओली आउने प्रचार गरिए पनि आइतवारदेखि काठमाडौंमा शुरू भएको लगानी सम्मेलनको कारण ओली आएनन्।

नगरप्रमुख राजेशमान सिंहको आतिथ्यमा आइतवार राति ओलीले महानगरको विकासको अवलोकन गर्ने कार्यक्रम थियो। उनी नआएपछि कार्यक्रम स्थगित भएको छ ।

यता, एमाले, पर्सामा पनि बारा जिल्लाजस्तै दुई समूह सक्रिय भएका छन्। वर्तमान जिल्ला कमिटीका अध्यक्ष डा विश्वम्भर शर्मा एउटा गुटबाट अध्यक्ष पदको दावेदार घोषित भएका छन् । पर्सा जिल्लामा एमालेका चारजना केन्द्रीय सदस्य छन् र त्यसमध्ये दुईजना सांसद प्रभु हजरा र सांसद निर्मला देवकोटा डा शर्माको पक्षमा छन् ।

अर्का दुई केन्द्रीय सदस्य सांसद राजकुमार गुप्ता र अरविन्द सिंहको पक्षबाट पूर्वअध्यक्ष जयप्रकाश थारू र शिव पटेलको नाम चर्चामा छ । दुईजनामध्ये एकजनाको नाम अहिले टुङ्गो लागेको छैन । ५८५ जना प्रतिनिधि रहेकामा पर्सा जिल्लामा पनि अन्तिम समयमा दुई समूहबीच चुनावी प्रतिस्पर्धाबाट जिल्ला नेतृत्व चयन हुने लगभग निश्चित छ। सहमतिका प्रयासहरू यसबीचमा भएका छैनन् । दुवै पक्ष आआफ्नो अडानमा रहेकाले सहमति हुन नसकेको एकजना एमाले नेताले बताए ।

## ग्रामीण भेगका कृषकहरू मकैखेतीतर्फ आकर्षित

प्रस, सेढवा, १६ वैशाख/

पर्साको ग्रामीण भेगमा किसानहरू मकैखेती गर्नेतर्फ आकर्षित भएका छन्। यस क्षेत्रका ठोरी, जीराभवानी, सखुवाप्रसौनी, पटेर्वासुगौली गाउँपालिका, पर्सागढी नगरपालिका र वीरगंज महानगरपालिकाका केही वडाहरूमा विगतका तुलनामा मकैखेती गर्ने किसान तथा क्षेत्रफल बढेका छन्।

पटेर्वासुगौली गाउँपालिकाको कृषि शाखाका प्राविधिक गोविन्दभैया थारूका अनुसार यस वर्ष पालिकाद्वारा ५० प्रतिशत अनुदानमा छ क्वीन्टल हाइब्रिड ३३५५ जातको मैकको बीउ वितरण गरिएको बताए। गत वर्ष चार क्वीन्टल बीउ वितरण गरिएको प्राविधिक थारूले बताए। पालिकाभरिमा लगभग ५० बिघा क्षेत्रफलमा मकैखेती गरिएको प्राविधिक थारूले बताए । यसबाहेक किसानहरू आफैंले भारतीय तथा नेपाली बजारबाट बीउ खरीद गरी मकैखेती गरेका थारूले बताए ।

जीराभवानी गाउँपालिका वडा नं १ शान्तिनगरका रविमोहन सापकोटाले तोरीबालीपछि खेत खाली भएका किसानहरूले थप एक बाली मकैखेती गर्ने गरेको बताए। मकैखेती गर्न सजिलो भएको र उत्पादन पनि राम्रो भएकोले किसानहरू मकैखेतीतर्फ आकर्षित भएका सापकोटाले बताए । मकैखेतीबाट किसानले प्रतिकट्ठा तीनदेखि चार क्वीन्टल मकै उत्पादन गर्ने सक्ने र अहिले मकैको बजार मूल्य चार हजार रुपियाँ प्रतिक्वीन्टल रहेको सापकोटाले बताए ।

ग्रामीण भेगमा खुलेका गाई र भैंसी फर्ममा मकै दानाको रूपमा प्रयोग हुन थालेको छ। मकैबाली बोटसहित खरीद हुने हुँदा झनै सहज भएको किसानहरूले बताए । फर्महरूले खेतबाटै मकैबाली काटेर ट्याक्टरमा लोड गरी लैजाने गरेका र सो बाली चारदेखि साढे चार रुपियाँ प्रतिकिलोको दरमा बिक्री हुने गरेको किसानहरूले बताए ।


सखुवाप्रसौनी गापा–१ मा गरिएको मकैखेती । तस्वीरः प्रतीक

## एक्सेल कलेजमा महानगरको सिल


तस्वीरः प्रतीक

प्रस, वीरगंज, १६ वैशाख/

वीरगंज महानगरपालिका कार्यालयले एक्सेल कलेजमा आइतवार सिल लगाएको छ ।

दर्ता भएको भन्दा फरक नाममा सञ्चालन भइरहेको भेटिएपछि एक्सेल कलेजमा सिल गरिएको नगरप्रमुखका जनसम्पर्क सल्लाहकार नवराज फुँयालले बताए ।

महानगरपालिकाका शिक्षा अधिकृत आनन्द लामिछानेले एउटा नामबाट सञ्चालन अनुमति लिएर स्वीकृति लिएको ठाउँभन्दा फरक ठाउँ र नाममा कलेज सञ्चालन भएको भेटिएकोले सिल गरिएको बताए। कञ्चनजङ्घा इङ्गलिश स्कूल र ज्ञानवाटिका बोर्डिङ स्कूलको ११ र १२ कक्षाको अनुमतिलाई दुरुपयोग गरी वीरगंज महानगरपालिका–११ मा एक्सेल कलेज सञ्चालन रहेको र सो कलेज महानगरमा दर्ता नरहेको पाइएपछि सिल गरिएको अधिकृत लामिछानेले बताए । गत वर्ष महानगरपालिका कार्यालयले विभिन्न नौवटा शैक्षिक संस्थामा सिलबन्दी गर्दै जरिवाना गरेको थियो ।

विद्यार्थीको शैक्षिक प्रमाणपत्रमा कञ्चनजङ्घा र ज्ञानवाटिका बोर्डिङ स्कूलको नाम हुने तर अध्ययन भने फरक ठाउँ र फरक नाममा कलेज सञ्चालन भएको पाइएपछि सिल गरिएको उनले बताए ।

सिलबन्दीमा नियमन समितिका संयोजक ईश्वरचन्द्र यादव, नगर प्रहरी इन्चार्ज हरि भुसालगायतको सहभागिता थियो ।

## विचारसार र सूक्तिहरू

केही पनि नगर्नु र चाहिएको बेला नबोल्नुजस्तो घटिया बानी केही होइन ।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | राजाप्रसाद कुर्मी (आरके) |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# सत्ता परिवर्तनको हल्ला

**नेकपा एमाले र माओवादी केन्द्रबीच बनेको नयाँ सत्तासमीकरणको सरकार पनि परिवर्तन हुने हल्ला शुरू भएको छ। बहुमत नभएको अवस्थामा गठबन्धन र समीकरणको नाममा बनिरहेको सरकारको आयु मापन गर्न सकिन्न । २०७९ मा माओवादी केन्द्र–नेपाली काङ्ग्रेस, जसपा, नेकपा (एकीकृत समाजवादी), लोकतान्त्रिक समाजवादी पार्टीलगायत छ दलीय गठबन्धनबाट स्थानीय र सङ्घ तथा प्रदेशको आमनिर्वाचनमा गठबन्धन भएको थियो भने एमाले, राप्रपा, रास्वपालगायतका दलहरू छुट्टाछुट्टै चुनावमा प्रतिस्पर्धा गरेका थिए । चुनावपछि सरकार बनाउने क्रममा नेपाली काङ्ग्रेसले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई प्रधानमन्त्री पद दिन अस्वीकार गरेपछि प्रचण्डले एमालेसँगको सामीप्यतामा आफू नेतृत्वको सरकार बनाएका थिए । सो बखत एमाले, राप्रपा, रास्वपा, जसपा पनि सहभागी भए । तर यो सरकार पनि लामो समय चलेन र दुई महीनामा राष्ट्रपति पदमा एमालेको दाबी स्वीकार्न नसकेर प्रचण्ड फेरि पुरानै गठबन्धनमा पुगेर नेकासँग सहकार्य गरी आफू नेतृत्वको सरकार बनाए । त्यसपछि गठबन्धन सरकारको विरोधमा एमाले लाग्यो । एमालेले कुनै न कुनै मुद्दालाई 'इस्यू' बनाएर संसद् अवरोध गर्ने, गठबन्धनमा नेकालाई रिझाउने, माओवादी र नेकपा (एस)लाई सत्तोसराप गर्ने काममा लागि रह्यो ।**

**एमालेको यो अभियान १४ महीनापछि पूरा भयो र माओवादी केन्द्रसँग फेरि राजनीतिक समीकरण बन्यो र प्रचण्ड नेतृत्वमा राप्रपाबाहेक पुरानै पाँच दलीय समीकरण बन्यो । अहिलेको समीकरणमा तत्कालीन नेकपाको लगभग दुई तिहाइ बहुमत हुँदा तत्कालीन प्रम ओलीले दुई/दुई पटक संसद् विघटन गरेपछि सोको विरोधमा उत्रिएर एमाले पार्टीबाट अलग भएको माधवकुमार नेपाल नेतृत्वको नेकपा (एस) माओवादी अध्यक्ष प्रचण्डको प्रयासमा जोडिन पुगेको थियो। अहिले नयाँ समीकरणको सरकार सञ्चालनको दुई महीना बितिरहेको छ र यसबीचमा फेरि सत्ता परिवर्तनको हल्ला शुरू भएको छ। वर्तमान सत्तासमीकरणको सरकारको आयु लामो छैन भन्ने कुरा प्रायः सबैलाई थाहा भएकै हो । यो अवस्थामा दीर्घकालीन सरकारका लागि एमाले र काङ्ग्रेस सम्मिलित सरकार बनोस् भन्ने आम नेपालीको चाहना पनि रहँदै आएको छ । तर सरकार परिवर्तनपछि मात्र यी दुई दलबीच सरकार बन्ने हल्ला चल्ने गरेकोले अहिलेको हल्लामा आम नेपाली जनता त्यति विश्वस्त हुन सकिरहेको छैन । नेकासँगको समीकरणको बेलामा एमाले अध्यक्ष केपी शर्मा ओलीले नेका सभापति शेरबहादुर देउवासँग संवादको प्रयास गरेका थिए । तर माओवादी अध्यक्ष एवं प्रधानमन्त्री प्रचण्ड रिसाउलान् भनेर सभापति देउवाले ओलीसँग भेट्ने साहस जुटाएनन् र भेट गरेनन् ।**

**भेट नगर्नुको एउटै कारण थियो हल्लाबाजी, जुन अहिले दुवै दलबीचको भेटवार्तापछि शुरू भएको छ । एमाले सचिव रघुवीर महासेठको नेतृत्वमा सरकारमा सहभागी भएपछि नै यो सरकारको बारेमा चिन्ता व्यक्त गरिंदै आएको छ । यसबीचमा अहिले नेका र एमाले नेताहरूबीच शुरू भएका संवादमा दुवै दलका नेताहरूले सम्भावनालाई नकार्न नसकेका र असम्भव पनि नहुने भनेर प्रतिक्रिया दिन थालेपछि नयाँ समीकरणको सरकार अल्पायुमा सकिने र अर्को नयाँ गठबन्धनको सरकार बन्ने हल्लाले मलजल पाएको छ । नेपालको राजनीतिमा असम्भव केही छैन । सत्ताको लागि नेपाली नेताहरू जे पनि गर्न तयार हुन्छन् ।**

# भयरहित वातावरण बनाउनमा शिक्षकको भूमिका

शिक्षा नेपाल




अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**के विद्यार्थीहरूलाई राम्रो बनाउने हाम्रो जिम्मेवारी होइन ? के उनीहरूसँगको हाम्रो नाता कक्षाकोठासम्म मात्र सीमित रहनुपर्छ ? हामी पसले र ग्राहक होइनौं । शिक्षा र विद्यार्थीको नाता अतुलनीय हुनुपर्छ । यस कारण विद्यार्थीहरूको हौसला सदैव बढाउनुपर्छ ।**

विद्यार्थीहरूको चौतर्फी विकासका लागि विद्यार्थी र शिक्षकबीच मधुर सम्बन्ध हुनुपर्छ । यसका लागि शिक्षकहरूले कक्षा कोठा होस् वा विद्यालय परिसर, विद्यार्थीहरूलाई भयमुक्त वातावरण प्रदान गर्ने कोशिश गर्नुपर्छ ।

शिक्षकहरूले विद्यार्थीहरूको अपमान हुने शब्द प्रयोग गर्नुहुन्न । विद्यार्थीहरूले शिक्षकहरूको कुरालाई ध्यान दिएर सुन्नका लागि उनीहरूमा भय सृजना गर्नु आवश्यक छैन । यस कारण शिक्षकहरूले केही यस्ता उपाय खोज्नुपर्छ जसबाट प्रभावित भएर विद्यार्थीहरू सदैव शिक्षकको आज्ञा पालना गरून् ।

पहिलोपटक एउटा निजी विद्यालयमा शिक्षकको रूपमा बहाल हुँदा मैले केटाकेटीहरू निहुरिएर बसेको देख्दा मलाई बडो अचम्म लाग्यो । म पढाउँदै गएँ र उनीहरू मौन रहे। मैले उनीहरूलाई फरासिलो बनाउन बिस्तारै अध्ययन सँगसँगै रमाइलो क्रियाकलापमा सहभागी गराउन थालें । गल्ती असफलता होइन भन्ने कुरो बुझाएँ । मैले उनीहरूको शारीरिक र मनोवैज्ञानिक समस्या बुझ्ने प्रयास गरें। विद्यार्थीहरूले असल व्यवहार देखाउँदा पटकपटक प्रशंसा गरें र उनीहरूका ससाना कमजोरीलाई महत्त्व दिइनँ । बिस्तारै उनीहरू मसँग खुल्न थालें, फुर्सदको बेला कुरा गर्न थालें ।

एकपटक कामको सिलसिलामा म बाहिर गएको थिएँ। फर्केर आउँदा अन्य शिक्षकहरूको के शिकायत थियो भने केटाकेटीहरू बढी हल्ला गर्न थालेका छन्। मसँग साथी शिक्षकहरूको प्रश्नको कुनै जवाफ थिएन । हल्ला गर्नु त केटाकेटीहरूको स्वभाव हो र हाम्रो काम उनीहरूलाई व्यस्त राख्नु हो । केटाकेटीहरूलाई विद्यालयमा हर समय बाँधेर राख्नु उचित होइन। विद्यार्थीहरू प्रायः मेरो कक्षामा खुलेर बोल्छन् किनभने उनीहरूसँग मेरो सम्बन्ध आपसी विश्वास र सम्मानको आधारमा छ । खराब व्यवहार गर्ने विद्यार्थीलाई म एक्लै भेटेर त्यसो नगर्ने सल्लाह दिन्छु र सम्झाउने प्रयास गर्छु । समूहमा सकेसम्म कसैको व्यक्तिगत टीकाटिप्पणी गर्दिनँ ।

विद्यार्थीहरूलाई अनुशासनको निहुमा हप्काउनु समस्याको समाधान होइन । विद्यार्थीहरूमा असीमित ऊर्जा हुन्छ । उनीहरू कराएर दगुर्दै एक अर्कासँग आफ्नो भावना साटासाट गर्छन् । यो हामी ठूलालाई किन राम्रो लाग्दैन ? आखिर उनीहरूमाथि चुप रहने र सदैव पढिरहने अनुशासन किन थोपरिन्छ ? केटाकेटीहरूको लागि बेलुका मात्र खेल्नु आवश्यक छ ? बेलुका नहुन्जेल कोही घर बाहिर निस्कन नपाउने यो कस्तो नियम हो ? यस्ता धेरै नियम उनीहरूमाथि आजभोलि थोपरिन्छ र त्यसको परिणाम पनि हाम्रो सामु छ। यस कारण शिक्षकहरूले विद्यार्थीहरूको सहभागितामा सिकाइ उद्देश्य हासिल गर्न छोटो र स्पष्ट नियम बनाउने र उल्लङ्घन भएमा भोग्नुपर्ने परिणामबारे उनीहरूसँग गहन छलफल गर्नुपर्छ ।

विद्यार्थीहरू सम्प्रेषणको सशक्त माध्यम हुन्छन् । उनीहरूसँग हामी शिक्षकभन्दा बढी सूचनाहरू हुन्छ । उनीहरू विनास्वार्थ सबै कुराहरू यत्रतत्र सर्वत्र प्रसारित गर्छन्। हामी शिक्षकहरूले नै त्यसको सदुपयोग गर्दैनौं। यस कारण शिक्षकहरूले उनीहरूलाई विद्यालयको हरेक गतिविधिमा सामेल गर्नुपर्छ। यसरी उनीहरूको आत्मविश्वास बलियो हुन्छ। कहिलेकाहीं म उनीहरूलाई नै आफ्नो सट्टा प्रयोग गर्ने गर्छु। एकपटक राम्ररी सम्झाएपछि उनीहरू सहज र सरल ढङ्गले सुम्पिएको काम पूरा गर्छन्। यसरी कक्षा नियन्त्रण गर्ने कार्य दिएर अभद्र विद्यार्थीलाई पनि उत्तरदायित्व बोध गराउन सकिन्छ ।

शिक्षकहरूले के बुझ्नुपर्छ भने विद्यार्थीहरू शिक्षकको व्यवहार अनुकरण गर्छन् । कहिलेकाहीं आफूतिर आकर्षित गराउन शिक्षकहरूलाई रीस पनि उठाउँछन् भन्ने कुरा बुझ्नुपर्छ । शिक्षकबाट राम्रो व्यवहार र प्रशंसा पाएमा उनीहरूले त्यस्तै दोहोऱ्याउने सम्भावना बढी हुन्छ । आज केटाकेटीहरूमा घोक्ने परम्परा बढ्दै गएको छ । यस कारण उनीहरूमा अवधारणा विकसित गर्न कविता, कथा वा अन्य विधिको सहारा पनि लिनुपर्ने हुन्छ । आफ्नो कार्यको समीक्षा गर्न विद्यार्थीहरूलाई अवसर प्रदान गर्नुपर्छ । आज हामीसँग सूचना र प्रविधिजस्ता थुप्रै सशक्त औजार उपलब्ध छन्। यसको प्रयोगले घोक्ने बानीमा ह्रास ल्याउन सकिन्छ । विद्यार्थीहरू पाठसम्बन्धी उदाहरण, प्रेरक प्रसङ्ग, रोचक कथा र हँसिलो वातावरणबाट बढी प्रभावित हुन्छन्। यस्ता प्रयोगले शिक्षकहरूको पनि कोश वृद्धि हुन्छ ।

विद्यार्थीहरूमा पढ्ने बानी विकसित गर्न मैलै प्रारम्भमा एउटा कक्षा छनोट गरी उनीहरूलाई महीनाको अन्तिम साता एकएक रुपियाँ जम्मा गर्न लगाएँ र जम्मा रकममा केही थप गरी केही रोचक बाल कथा, सामान्य ज्ञानका किताबहरू पालैपालो उनीहरूलाई पढ्न दिएँ। अर्को कुरो उनीहरूलाई कथा, कविता, निबन्ध लेख्न लगाई शनिवारको प्रतीक दैनिकको वाटिका अङ्कमा छाप्न लगाएँ। परिणाम स्वरूप विद्यार्थीहरू लेख्न र पढ्न थाले। आफ्नो नाम र आफ्नो कक्षा, कविता, निबन्ध पत्रिकामा छापिएको देखेर उनीहरू दङ्ग पर्छन् र आफ्ना साथी, परिवारजन र स्वयं मलाई पनि देखाउँछन् ।

केटाकेटीहरूमा असीमित प्रतिभा लुकेको हुन्छ। मात्र दुई दिनको अभ्यासमा उनीहरू कार्यक्रमलाई राम्ररी सञ्चालन गर्न सक्छन् । विद्यालयमा हुने प्रार्थनासभामा प्रत्येक दिनको दुई मिनेटको नियमित अभ्यासले पनि उनीहरूमा कल्पना शक्ति र बोल्ने कलाको विकास सजिलै गर्न सकिन्छ । प्रार्थनासभामा विद्यार्थीहरूलाई समाचारपत्रको कुनै प्रमुख अंश पढ्न लगाउने वा कुनै विषयमा बोल्न लगाउने । यसरी बोल्दा विद्यार्थीहरूको तालीले उनीहरूको आत्मविश्वास बढ्छ । कक्षामा कहिल्यै नबोल्ने केटाकेटीहरू पनि खुलेर बोल्न थालेको मेरो लामो अनुभव छ। अधिकांश शिक्षकहरू जानेर वा नजानेर विद्यार्थीहरूको स्वाभाविक प्रवाह रोक्ने गर्छन् । केटाकेटीहरू शिक्षकहरूको अगाडि बिस्तारै खुल्छन् तर हामी शिक्षकहरू नै धैर्य राख्दैनौं र व्यक्तिगत टिप्पणी गरिहाल्छौं । यो देख्दा अचम्म लाग्छ ।

विद्यार्थीहरूले गृहकार्य गर्दैनन् भन्ने गुनासो प्रायः प्रत्येक शिक्षकले गर्ने गर्छन्। तर मैले के अनुभव गरेको छु भने हाम्रो सम्बन्ध उनीहरूको कापीसँग हुँदैन। हामी निर्दयी तरीकाले उनीहरूको कापी जाँच्ने गर्छौं। हाम्रो पूरा ध्यान उनीहरूको गल्ती खोज्न तल्लीन रहन्छ। हामी कस्ताकस्ता टिप्पणी उनीहरूको कापीमा लेख्ने गर्छौं । मलाई के लाग्दछ भने हामीले उनीहरूमा कुनै विशशेषता नै देख्दैनौं । मेरो त के धारणा छ भने शिक्षकहरूले बढीभन्दा बढी कार्य विद्यालयमा नै सकाउनुपर्छ । गृहकार्य दिनु नै छ भने त्यो खोजमा आधारित हुनुपर्छ, चुनौतीपूर्ण र नयाँ हुनुपर्छ किनभने विद्यार्थीहरू सधैं एकनासको गृहकार्य रुचाउँदैनन् । शिक्षकहरूले विद्यार्थीहरूको गृहकार्यलाई प्रत्येक दिन राम्ररी जाँच्नुपर्छ र उनीहरूको कापीमा प्रोत्साहित गर्ने शब्द र नराम्रो गर्ने विद्यार्थीको कापीमा सुधारात्मक सुझाव लेख्नुपर्छ ।

केटाकेटीहरू मायाका भोका हुन्छन् तर हामी शिक्षक सधैं उनीहरूमाथि अनुशासनको छडी चलाइरहन्छौं । के हामी घरमा आफ्नो सन्तानसँग पनि यस्तै व्यवहार गर्छौं ? मलाई के लाग्दछ भने हामी अधिकांश शिक्षक दोहोरो चरित्र निर्वाह गर्छौं । आफ्नो सन्तानका लागि एक किसिमको आचरण र विद्यालयमा पढ्ने विद्यार्थीहरूका लागि अर्को आचरण। यो कस्तो कुरो हो ? विद्यार्थीहरू स्वाभिमानी हुन्छन् र हामी सधैं उनीहरूको स्वाभिमान भङ्ग गर्छौं। उनीहरूलाई राम्रो बनाउने हाम्रो जिम्मेवारी होइन र ?

गाउँले विद्यार्थीहरूको परिवेश साधारण हुन्छ तर उनीहरू शहरका विद्यार्थीहरूभन्दा बढी समझदार हुन्छन् । मात्र अक्षर ज्ञान वा महँगो, ठूलो अङ्ग्रेजी विद्यालयमा पढाउनाले विद्यार्थीहरू बढी गुणवान हुँदैनन् । गाउँले परिवेशमा सामुदायिकता, कला, संस्कृति, रीतिरिवाज, सहयोग, आपसी तालमेल, सामूहिकतासँगै वसुदैव कुटुम्बकम्को दर्शन पनि पाइन्छ । शहरिया विद्यार्थीहरू जहाँ आफ्नो घरको कोठामा मात्र सीमित हुन्छन् त्यहीं गाउँका विद्यार्थीहरू विभिन्न प्रकारका खेल, मौसम, खेतीपाती, पशुपालन र प्रकृतिसँग प्रेम गर्ने हुन्छन् । यही कारण हो शहरिया विद्यार्थीहरू कक्षा कोठामा मेघावी भए तापनि जीवनको पाठशालामा असफल देखिन्छन् । यही कारण हो उनीहरू सरकारका ठूला पदमा बहाल हुन्छन् तर सामाजिक सरोकारसँग उनीहरूको रुझान त्यति हुँदैन। यसको असर धेरै टाढासम्म पर्छ । यस्तै हाम्रो राजनीति, नीति निर्धारण र न्यायपालिकासँग पनि हुन्छ। सुदूर ग्रामीण परिवेशबाट उच्च ओहदामा पुगेका मानिसहरू लोकप्रिय पनि हुन्छन् र समाजको हितमा राम्रो काम पनि गर्छन्। राष्ट्रिय शिक्षा नीति निर्धारणमा शिक्षाविद्हरूले यस कुरामा विशेष ध्यान दिए राष्ट्रहितमा लाभदायक हुन्छ ।

के विद्यार्थीहरूलाई राम्रो बनाउने हाम्रो जिम्मेवारी होइन ? के उनीहरूसँगको हाम्रो नाता कक्षाकोठासम्म मात्र सीमित रहनुपर्छ ? हामी पसले र ग्राहक होइनौं । शिक्षा र विद्यार्थीको नाता अतुलनीय हुनुपर्छ। यस कारण विद्यार्थीहरूको हौसला सदैव बढाउनुपर्छ । उनीहरूको प्रशंसा गर्नुपर्छ । उनीहरूसँग स्नेहपूर्वक कुरा गर्नुपर्छ। यसरी गरेर हेर्नुहोस्, उनीहरू तपाईंको अनुयायी बन्छन् । लेखोट सम्बन्धमा हाम्रो समाजमा हालसम्म गलत अवधारणा कायम छ र लेखोटको निहुमा शिक्षकहरू पनि विद्यार्थीको कापी रातो बनाइराखेका पाइन्छन् । त्यस्ता लेखोट जसलाई सजिलै पढ्न सकिन्छ त्यो नै नयाँ शिक्षण विधि अनुसार राम्रो मानिन्छ। के हाम्रा सबै शिक्षकको लेखोट मोतीजस्तो आकर्षक हुन्छ र ?

विद्यालय होस् वा घर, शिक्षक, अभिभावक र समाज सबैले विद्यार्थीमा प्रतियोगिताको भावना जन्माइरहेका छन्। यस्तो प्रतियोगिता जसमा हरेक विद्यार्थी सर्वोत्कृष्ट हुन चाहन्छ तर प्रथम त एउटा मात्र हुन्छ र दोस्रो, तेस्रो... विद्यार्थीहरूको हात लाग्छ अप्रसन्नता। यस्तो अप्रसन्नता जसले उनीहरूमा गलत मनोभाव विकसित हुन्छ । यस्तै विद्यार्थीहरू पछि गएर असामाजिक काम गर्न थाल्छन्। 'म' को यो भावना जुन तीव्र गतिले फैलिरहेको छ के त्यसको दायित्व हामी शिक्षकले नलिने ? यसर्थ हामी शिक्षकहरूले विद्यालयमा भयरहित वातावरण निर्माण गर्न आआफ्नो भूमिका बुझ्नुपरेको छ ।

# के के सुविधा छन्, लगानी सहजीकरणसम्बन्धी अध्यादेशमा ?

कालिका खड्का
काठमाडौं, १६ वैशाख/रासस

राष्ट्रपति रामचन्द्र पौडेलले लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐन संशोधन अध्यादेश, २०८१ जारी गरेका छन् । तेस्रो लगानी सम्मेलन शुरू भएकै दिन जारी उक्त अध्यादेशमार्फत लगानीकर्तालाई लगानी प्रवर्द्धनका लागि थप सुविधा होस् भन्ने उद्देश्य लिइएको छ ।

अध्यादेशले लगानीकर्ताबाट सञ्चालन हुने आयोजनामा जग्गाको मुआवजा निर्धारण गर्दा रजिस्ट्रेशन प्रयोजनका लागि निर्धारण गरिएको न्यूनतम मूल्याङ्कनको तीन गुणाभन्दा बढी मुआवजा रकम निर्धारण नगरिने व्यवस्था गरेको छ ।

अध्यादेशमा जग्गाप्राप्ति ऐन, २०३४ मा संशोधन गरी दफा १६ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ । उक्त दफामा भनिएको छ–"यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि यस दफाबमोजिम मुआवजा निर्धारण गर्दा रजिस्ट्रेशन प्रयोजनका लागि निर्धारण गरिएको न्यूनतम मूल्याङ्कनको तीन गुणाभन्दा बढी मुआवजा रकम निर्धारण गरिनेछैन ।"

नेपाल सरकार मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रपति रामचन्द्र पौडेलद्वारा जारी विज्ञप्तिमा लगानी प्रवर्द्धन गर्ने कार्य सहजीकरण गर्न केही नेपाल ऐन संशोधन गर्न वाञ्छनीय भएकोले सङ्घीय संसद्ले यो ऐन बनाएको छ । राष्ट्रपतिले आज प्रमाणीकरण गरेसँगै यो कार्यान्वयनमा आएको छ ।

भूमिसम्बन्धी ऐन, २०२१ मा संशोधन गरी उक्त ऐनको उपदफा (१) पछि देहायको उपदफा (१) थप गरी भनिएको छ–"निवेदन दिन नसकेको उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले यो उपदफा प्रारम्भ भएको मितिले एक वर्षभित्र हदबन्दीभन्दा बढी जग्गा आवश्यक रहेको औचित्य पुष्टि हुने कारण खोली स्वीकृतिका लागि मन्त्रालयमार्फत नेपाल सरकारसमक्ष निवेदन दिन सक्नेछ ।"

कुनै उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको हदबन्दीभन्दा बढी जग्गा रहेकोमा विभाग तथा कार्यालयले त्यस्तो उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको हदबन्दीभित्र रहेको र हदबन्दीभन्दा बढी रहेको जग्गाको अभिलेख बनाइराख्नुपर्ने अध्यादेशमा उल्लेख छ ।

अधिकतम हदबन्दीभन्दा बढी जग्गा राख्ने सार्वजनिक संस्था, उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना, शिक्षण संस्था वा अन्य कुनै संस्थाको रोजगार तथा उत्पादन नघट्ने र निरन्तर सञ्चालन हुन सक्ने भएमा ऋण फरफारक र दायित्व भुक्तानी गर्न दफा ७ बमोजिम हदभित्रको जग्गा मन्त्रालयले तोकेको शर्तको अधीनमा रही मन्त्रालयको स्वीकृतिमा एकपटकका लागि बिक्री वितरण गर्न बाधा पर्नेछैन भनिएको छ । तर त्यसरी हदभित्रको जग्गा बिक्री वितरण गरिएको कारणले जग्गा बिक्री गर्नुभन्दा अघि हदबन्दीभन्दा बढी रहेको जग्गा दफा ७ बमोजिमको हदभित्र कायम

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# नेपाल उदार आर्थिक नीतिप्रति प्रतिबद्ध, लगानी गर्नुहोस् –प्रधानमन्त्री

काठमाडौं, १६ वैशाख/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले नेपाल लगानीका लागि विश्वास छ । उनले नेपालमा भएका दक्ष जनशक्ति र कम श्रम लागत पनि अन्तर्राष्ट्रिय लगानीकर्ताका लागि




तस्वीर: रासस

उपयुक्त गन्तव्य भएको उल्लेख गर्दै यस अवसरलाई सदुपयोग गरेर फाइदा लिन आह्वान गरेका छन् । ‘नेपाल लगानी सम्मेलन २०२४’को उद्घाटन गर्दै उनले नेपाल कानूनी, भौगोलिक एवं रणनीतिक तवरले लगानीका लागि सम्भावनायुक्त देश भएको बताए ।

नेपाल उदार आर्थिक नीतिप्रति पूर्ण प्रतिबद्ध रहेको उल्लेख गर्दै उनले नेपालमा लगानीमैत्री वातावरण सिर्जना भएको जानकारी दिए । लगानीकर्ता, उद्योगी, नवप्रवर्तक र व्यवसायीलाई सहज अवस्था सिर्जना गर्न नेपाल निरन्तर अगाडि बढेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले हालै मात्र व्यवसाय र लगानीसम्बन्धी विभिन्न आठ कानून परिमार्जन गरिएको जानकारी गराए ।

उनले भने–“मलाई विश्वास छ, यसले नेपालमा लगानी गर्ने लगानीकर्ताको आत्मविश्वास बढाउने छ ।”

नेपालमा शान्ति र स्थायित्व कायम भई आर्थिक विकास र समृद्धिका लागि अनुकूल वातावरण सिर्जना भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सङ्घीय शासन प्रणालीले राष्ट्रव्यापी सामाजिक र आर्थिक रूपान्तरणलाई बढावा दिने सन्तुलित विकास दृष्टिकोण सुनिश्चित गरेको स्पष्ट पारे ।

“नेपालले विदेशी लगानीकर्तालाई सबल नियामक ढाँचा, दोहोरो करमुक्ति, बौद्धिक सम्पत्ति अधिकारको संरक्षण, प्रतिस्पर्धात्मक कर्पोरेट करलगायत धेरै प्रोत्साहन प्रदान गर्छ”–प्रधानमन्त्री दाहालले भने–“नेपाल सरकारले हालै द्विपक्षीय लगानी सम्झौताको ढाँचा स्वीकृत गरेको छ, यसले द्विपक्षीय लगानीको संरक्षण र प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ ।” उनले मित्र राष्ट्रहरूलाई द्विपक्षीय लगानी सम्झौतामा हस्ताक्षर गर्न आह्वान गरे ।

नेपालले अवलम्बन गरेका उदार नीतिले प्राथमिकताका क्षेत्रमा विदेशी लगानी प्रोत्साहन गर्ने प्रधानमन्त्रीको आकर्षण हुने बताए । प्रधानमन्त्री दाहालले भने–“प्रत्यक्ष वैदेशिक लगानीकर्ता र राष्ट्रिय लगानीकर्तासँग भेदभावपूर्ण व्यवहार नगरिने प्रावधान र विदेशी मुद्रामा नाफा फिर्ता लैजान पाउने सुनिश्चितताले नेपालमा लगानीको आकर्षण अझ बढाउँछ ।”

नेपालको ६० प्रतिशतभन्दा बढी जनसङ्ख्या श्रमिक उमेर समूहभित्र पर्ने बताउँदै प्रधानमन्त्री दाहालले तीव्ररूपमा विस्तार हुँदै गएको मध्यमवर्गीय जनसङ्ख्याले उपभोक्तामुखी अवस्थाको अपार सम्भावना देखाएको बताए । उनले विदेशी भाषा बोल्ने युवाहरूको सङ्ख्या उल्लेख्य रहँदा अन्तर्राष्ट्रिय लगानीकर्ताहरूलाई श्रमशक्ति खोज्न मदत पुग्ने उल्लेख गरे ।

“नेपालले पर्यटन, कृषि, उत्पादन, सूचना प्रविधि, गार्मेन्ट, कृषि प्रशोधन र पूर्वाधारलगायत उच्च मूल्यका बाली उत्पादनजस्ता क्षेत्रमा लगानीका अवसरहरू उपलब्ध गराएको छ”–प्रधानमन्त्री दाहालले भने–“जलविद्युत् उत्पादनको प्रचुर सम्भावनाले नवीकरणीय र स्वच्छ ऊर्जा आपूर्तिको प्रतिबद्धता व्यक्त गरेको छ । समृद्ध सांस्कृतिक सम्पदा र प्राकृतिक सौन्दर्यले पर्यटन क्षेत्रको बलियो सम्भावनालाई सङ्केत गर्दछ ।”

नेपालमा जलविद्युत् उत्पादनको प्रचुर सम्भावना भए पनि हालसम्म तीन हजार २०० मेगावाट मात्रै उत्पादन भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले करीब ५५६८ मेगावाटका ठूला आयोजना सार्वजनिक–निजी साझेदारी (पिपिपी) मार्फत निर्माण वा कार्यान्वयनको चरणमा रहेको बताए ।

प्रधानमन्त्रीले विद्युत् व्यापार सहज तुल्याउन भारतसँग भएको विद्युत् व्यापार सम्झौता, चीनसँग भएको सहकार्य र समझदारी एवं बङ्गलादेशसँग भएको विद्युत् निर्यातको समझदारीले लगानीका अवसरहरू स्पष्टरूपमा देखाउँछ । भारत र चीन जोड्ने निर्माणाधीन अन्तर्देशीय प्रसारण लाइनले यस क्षेत्रभित्र ऊर्जा आदानप्रदानलाई सहज बनाउँछ ।”

प्रधानमन्त्री दाहालले तयारी पोशाक र नेपाली गलैंचा पनि विश्व बजारमा निकासी हुने र गुणस्तरका लागि प्रख्यात भएको उल्लेख गर्दै यस क्षेत्रमा पनि लगानीको प्रचुर सम्भावना रहेको बताए ।

नेपालमा दुई विशेष आर्थिक क्षेत्र सञ्चालनमा आएका र देशका अन्य स्थानमा त्यस्ता आर्थिक क्षेत्र विकास हुने चरणमा रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले यस्ता क्षेत्रले आर्थिक वृद्धि र औद्योगिक विकासमा बल पुऱ्याउने विश्वास व्यक्त गरे ।

उनले भने–“नेपालमा हाल दश औद्योगिक जिल्ला छन्, थप छवटा विकास गर्ने योजना छ, यसले लगानीका लागि आवश्यक पूर्वाधार र सेवाको पहुँच सुनिश्चित गर्दछ ।”

उदीयमान बजार भएका भारत र चीनबीच रहेको नेपाल रणनीतिकरूपमा पनि लगानीको लागि उपयुक्त गन्तव्य भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले क्षेत्रीय सम्झौता साफ्टा/बिमस्टेक र स्वतन्त्र व्यापार व्यवस्थाद्वारा द्विपक्षीय र क्षेत्रीय बजारहरू सुनिश्चित भएको स्पष्ट पारे ।

“अन्तर्राष्ट्रिय निजी लगानी प्रवाहलाई सहज तुल्याउन उद्योग विभागले रु छ अर्बभन्दा कमको लगानी अनुमोदन गर्दछ र लगानी बोर्ड नेपालले रु छ अर्बभन्दा बढीको लगानी वा २०० मेगावाटभन्दा बढी ऊर्जा आयोजनाहरू व्यवस्थापन गर्छ”–प्रधानमन्त्रीले भने–“यी दुवै सरकारी एजेन्सीहरू स्वदेशी र अन्तर्राष्ट्रिय लगानीकर्तालाई तोकिएको समयमा सहज सेवा प्रदान गर्न प्रतिबद्ध छन् ।” वैदेशिक लगानीमा सञ्चालित विभिन्न कम्पनीको हकमा नेपालमा लगानी नाफामुखी रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले भने–“ती कम्पनीहरूको लाभांश फिर्ताको अवस्था आकर्षक छ, जसले नेपालमा लगानीको उपयुक्त वातावरण छ भन्ने देखाउँछ ।”

सम्मेलनमा प्रस्तुत परियोजनाहरूले नेपाल र सम्भावित लगानीकर्ताहरू दुवैलाई फाइदा पुग्ने ठोस नतीजा प्राप्त हुने विश्वास व्यक्त गर्दै प्रधानमन्त्री दाहालले आगामी दशकमा दिगो र उच्च आर्थिक वृद्धि हासिल गर्ने नेपालको लक्ष्य पूरा हुने बताए । उनले सबैको सहकार्यबाट नेपाल आर्थिक रूपान्तरण र समृद्धिको दिशामा अघि बढ्ने आशा व्यक्त गरे ।



**पृथ्वीनारायण शाहको समाधिस्थलः** राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको देहावसनपश्चात् विदुर नगरपालिका–५ तादी र त्रिशूली नदीको सङ्गम जालपादेवी मन्दिर परिसरमा अन्तिम संस्कार गरिएको स्थान । यस समाधिस्थलको अवलोकन तथा अध्ययनका लागि पर्यटकको आवागमन बढाउन संरक्षण र प्रचारप्रसारमा जोड दिनुपर्ने देखिएको छ ।
तस्बिरः रामहरि न्यौपाने/रासस

# डेङ्गु सङ्क्रमित बढ्दै

बागमती, १६ वैशाख/रासस

पछिल्लो नौ महीनाको अवधिमा मकवानपुरमा ८५७ जना डेङ्गु सङ्क्रमित फेला परेका छन् । चालू आर्थिक वर्ष २०८०/८१ को साउनदेखि हालसम्म मकवानपुरमा ४३९ पुरुष र ४१८ महिला गरी ८५७ जना नयाँ डेङ्गु सङ्क्रमित फेला परेको स्वास्थ्य कार्यालय, मकवानपुरका प्रमुख कृष्णबहादुर मिजारले जानकारी दिए ।

उनका अनुसार तीमध्ये हेटौंडा उपमहानगरपालिकामा मात्र सबैभन्दा बढी ५४८ डेङ्गु सङ्क्रमित फेला परेका छन् । डेङ्गु सङ्क्रमणबाट हालसम्म मकवानपुरमा एकजनाको मृत्यु भएको स्वास्थ्य कार्यालय, मकवानपुरले जनाएको छ ।

गत आर्थिक वर्ष २०७९/८० मा मकवानपुर जिल्लामा पाँच हजार ८६४ जना डेङ्गु सङ्क्रमित भएका थिए ।

गर्मी मौसम शुरू भएसँगै डेङ्गु सङ्क्रमित अझै बढ्न सक्ने भएकाले जनचेतनामूलक सन्देश प्रवाहसँगै लामखुट्टेका लार्भा खोज्ने र नष्ट गर्ने अभियान शुरू गर्न लागिएको प्रमुख मिजारको भनाइ छ ।

# हिमाचल प्रदेशमा बहादुर सिंहको सालिक अनावरण

काठमाडौं, १६ वैशाख/रासस

सामाजिक अभियन्ता, पूर्वसैनिक अधिकृत तथा कवि बहादुरसिंह बरालको भारत हिमाचल प्रदेश दारिकोभाक्सुस्थित गुरु गोरखनाथ मन्दिरको प्राङ्गणमा अर्धकदको सालिक स्थापना गरिएको छ ।

भारतीय राजनीतिज्ञ दिलकुमारी राई भण्डारी र त्रिभुवन विश्वविद्यालय नेपाली विभागका प्रमुख डा खगेन्द्रप्रसाद लुइँटेलसहितका व्यक्तिले सालिक अनावरण गरेका थिए । उनी ‘मेम्बर अफ भिक्टोरियन अर्डर तथा अर्डर अफ ब्रिटिश इन्डिया’ पदकबाट विभूषित थिए ।

बराल विसं १९७० असार ३ गते फर्स्ट गोर्खा राइफल्सको दोस्रो बटालियनमा जमदार पदमा भर्ती भई सुबेदार मेजरबाट सन् १९३५ मा सेवानिवृत्त भएका थिए । सुबेदार मेजर पदमा रहँदा सन् १९१४ मा पहिलो विश्वयुद्ध शुरू भएकाले उनी पनि आफ्नो पल्टन लिएर फ्रान्सको रणभूमिमा पुगेका थिए ।

दोस्रो विश्वयुद्धको प्रारम्भसँगै सरकारी आह्वान अनुसार उनी पुनः सैनिक सेवामा प्रवेश भई सन् १९५२ सम्म काम गरे । यस अवधिमा उनलाई मानार्थ कप्तानको दर्ज्यानी प्रदान गरियो । मास्टर मित्रसेन साहित्य सङ्गीतसभा–धर्मशाला हिमालचल प्रदेश अध्यक्षको सल्लाहअनुरूप स्व बरालको सालिक स्थापना गरिएको उनका नाति पूजन बरालले जानकारी दिए ।

पैतृक थलो तत्कालीन पाल्पा भएको साहित्यकार बरालले सन् १९५५ अप्रिलमा सो गोरखनाथ मन्दिर स्थापना गरेका थिए ।

उनको जन्म विसं १९४७ मा वैशाख १६ गते र देहावसान विसं २०१९ असोज ३० गते भएको थियो । उनी सन् १९३५ देखि १९३९ सम्म अल इन्डिया गोर्खा एशोसिएशनका अध्यक्ष थिए । साहित्यकार बरालको ‘आँसुमा’ शीर्षकको कृतिमा गीत, गजल र भजनलगायतका सिर्जना समावेश छन् । यस कृतिमा १६८ वटा रचना छन् । नेपाल प्रहरीका पूर्वमहानिरीक्षक तथा म्यानमाका लागि नेपालका पूर्वराजदूत स्व खड्गजीत बराल उनका कान्छा छोरा थिए ।




तस्वीरः रासस

# अशक्त र गरीबले कामपाभित्र निश्शुल्क उपचार पाउने

काठमाडौं, १६ वैशाख/रासस

काठमाडौं महानगरपालिका (कामपा)ले लक्षित वर्गका लागि निश्शुल्क उपचारसम्बन्धी सूचना जारी गरेको छ । कामपाले जुनसुकै पालिकाको भएपनि अशक्त र गरीब नागरिकले सिफारिशका आधारमा निश्शुल्क उपचार पाउने जनाएको हो ।

कामपाले आइतवार सूचना जारी गर्दै लक्षित वर्गका बिरामीले आफ्नो पालिकाबाट विपन्न, असहायको सिफारिश लिएर काठमाडौं महानगर आए निश्शुल्क उपचार पाउने बताएको हो ।

महानगरपालिका क्षेत्रभित्रका सबै प्रकारका अस्पतालमा लक्षित वर्गले सिफारिशका आधारमा निश्शुल्क उपचार सेवा पाउनेछन् ।

उपचार उपलब्ध गराउन महानगरपालिकाभित्रका ५२ अस्पतालका ३७४ शय्या उपलब्ध छन् ।

# सिराहाका १३ पालिका दमकलविहीन

सिराहा, १६ वैशाख/रासस

सिराहाका १७ वटा पालिकामध्ये चारवटा पालिकामा मात्र दमकल रहेका छन् । नेपाल रेडक्रस सोसाइटीका अनुसार जिल्लाका चारवटा नगरपालिकामा मात्र दमकल सेवा रहेको छ ।

यहाँका लहान, सिराहा, गोलबजार र मिर्चैया नगरपालिकामा मात्र दमकल सेवा उपलब्ध रहेको रेडक्रस जिल्ला शाखाका सभापति राजदेव यादवले जानकारी दिए । आगलागीका घटनामा ठूलो धनजनको क्षति भएपनि दमकल खरीदमा जिल्लाका पालिकाले चासो दिन नसकेको उनको भनाइ छ ।

शहरी क्षेत्रको आगलागी नियन्त्रणमा प्रयोग हुने सबैभन्दा उपयोगी साधन दमकल भएपनि यहाँका नौवटै गाउँपालिकामा दमकल छैन भने बाँकी चारवटा नगरपालिका पनि दमकलविहीन छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विवरणले पनि शहरी क्षेत्रका घरमा हुने आगलागीका ९५ प्रतिशत घटना दमकलको सहयोगमा नियन्त्रणमा आएको देखाउँछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विपद् व्यवस्थापनका लागि अत्यावश्यक उपकरण दमकल सञ्चालनको जिम्मा स्थानीय तहलाई नै दिएको छ । त्यस अन्तर्गत पनि दमकल तयारी अवस्थामा राख्ने महत्त्वपूर्ण जिम्मेवारी स्थानीय तहको हो । राष्ट्रिय विपद् व्यवस्थापन तथा प्राधिकरण ऐन, २०७४ ले पनि दमकललगायतका उपकरण तयारी हालतमा राख्ने जिम्मा स्थानीय तहलाई नै सुम्पिएको छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को व्यवस्था अनुसार जिल्लास्तरमा विपद् व्यवस्थापनसम्बन्धी कार्यका लागि प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा स्थानीय पालिकाको अध्यक्ष तथा प्रमुख, जिल्ला समन्वय समितिको प्रतिनिधि, जिल्लास्थित सुरक्षा निकायका प्रमुखसहितको जिल्ला विपद् व्यवस्थापन समिति रहने व्यवस्था रहेको छ ।

सम्भावित विपद् प्रतिकार्यका लागि पूर्वतयारीको अवस्था र दमकलको स्थितिका बारेमा बुझ्न खोज्दा सिराहाका प्रमुख जिल्ला अधिकारी वासुदेव दाहालले आफू जानकार नरहेको बताए ।

पूर्व–पश्चिम महेन्द्र राजमार्ग तथा सदरमुकाममा दमकल केन्द्रित हुँदा जिल्लाकै हुलाकी मार्गमा भने दमकल सेवा नहुँदा आपत्‌विपद् पर्दा टाढाटाढाबाट दमकल पुग्नुपर्ने अवस्था रहेको जिल्ला समन्वय समितिका प्रमुख दिनेशकुमार महतोको भनाइ छ ।

“गाउँपालिका तथा विशेषगरी हुलाकी मार्गमा दमकल सेवा नहुँदा बढी नै जोखिम रहेको छ, जिल्ला विपद् व्यवस्थापन समितिमार्फत हामीले मधेस प्रदेश सरकारका मुख्यमन्त्रीलाई समेत आवश्यक दमकल उपलब्ध गराइदिन आग्रह गरिसकेका छौं,” सभापति महतोले भने, “मुख्यमन्त्रीज्यूले पनि यसै वर्ष दुईवटा दमकल खरीद प्रक्रिया अघि बढाइएको र सोमध्ये एउटा सिराहालाई उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेका छन् ।”

सभापति महतोका अनुसार प्रदेश सरकारले उपलब्ध गराउने भनिएको दमकल जिल्लाको हुलाकी मार्गलाई मध्यनजर गरी बरियारपट्टी गाउँपालिकामा राखिनेछ । दमकल अत्यावश्यक भएपनि हालसम्म खरीद गर्न नसकिएको बरियारपट्टी गाउँपालिकाका अध्यक्ष सन्तोषकुमार महतोले बताए ।

“दमकल अत्यावश्यक छ, हुलाकी मार्गका कुनै पनि गाउँपालिकामा दमकल सेवा नहुँदा जोखिम बढी भएको छ, पालिकासँग दमकल खरीद गर्ने र व्यवस्थापन गर्न सक्ने क्षमता छैन, राज्यले दमकल खरीदमा अनुदानसमेत दिएको छैन,” अध्यक्ष महतोले भने, “प्रदेश सरकारले दमकल उपलब्ध गराउने कुरा सुन्नमा आएको छ, यदि त्यसो भएमा यस भेगका जनताका लागि ठूलो राहत हुने थियो ।”

अग्नि नियन्त्रणका लागि स्थानीय सरकार तथा सरोकारवाला निकायले पूर्ववत् सचेतता, योजना र तयारीमा यथेष्ट ध्यान नदिएको स्थानीयको गुनासो छ ।

# धम्म तराई विपश्यना केन्द्र परवानीपुर

यही चैत ३० गते शुक्रवार बिहान ६ बजेतिर प्रतीक दैनिकका सम्पादक जगदीश शर्माज्यूलाई नयाँ वर्ष २०८१ को शुभकामना दिन प्रति कार्यालयमा पुग्दा प्रतीक कार्यालय बन्द देखें। हडबडमा मेरो मोबाइलसमेत मसँग नरहेकोले त्यहाँबाट म धम्म तराई विपश्यना केन्द्र परवानीपुर पुगें। २०५३/५४ सालतिर सरकारी खानापूर्ति गरी परवानीपुरमा धम्म तराई खुलेको रहेछ। यस अघि कीर्तिपुर, चितवन, लुम्बिनी, कातेडाँडा, बुढानीलकण्ठलगायत देशका १५ विभिन्न भागमा यस्ता विपश्यना केन्द्रको स्थापना भएको रहेछ। डा रूप ज्योति नेपाल अधिराज्यकै क्षेत्रीय आचार्य रहेछन्।

वीरगंजको विपश्यना ध्यान केन्द्रमा अध्यक्ष विनय शाह, ट्रष्टीहरूमा भिखमचन्द्र अग्रवाल, गणेश लाठ, सुरेश गाडिया, सुबोध जोशी आदि रहेछन्। परवानीपुरको विपश्यना ध्यान केन्द्रमा ध्यानको प्रयोजन हेतु २० जना महिला र ६० जना पुरुषले ध्यान गर्ने बेग्लाबेग्लै छुट्टाछुट्टै भवन रहेछन्। यहाँ निश्शुल्क ध्यानको व्यवस्था छ। खाना–बस्नसमेत कुनै दस्तुरी पर्दैन। ध्यानलाई आर्य मौन भनिन्छ। यहाँ ध्यान गर्न चिनियाँ, भारतीय र अन्य विदेशीहरूसमेत आउँदा रहेछन्। नेपालीहरू सबैभन्दा बढी आउँछन्। परवानीपुरस्थित यो विपश्यना ध्यान केन्द्रको साढे सात बिघा क्षेत्रफल जग्गा रहेको छ। भित्र शान्त र रूखैरूखको जङ्गल जस्तै वातावरण छ। जहाँ विभिन्नखाले चराचुरुङ्गी आँप, सपाटो, केरा, लिची, अमला, अमिलो आदिका रूख बिरुवा टन्नै रोपिएका छन्। चराहरूको सदाबहार चिरबिर सुनिन्छ। ध्यान गर्नेहरूलाई यहाँ शाकाहारी खाना दिइन्छ।

वर्षमा दुईपटक तीन दिवसीय, अङ्ग्रेजी महीनाको अन्तिम शनिवार एक दिवसीय, वर्षमा एकपल्ट ४५, ३० र २० दिवसीय विपश्यना ध्यान आयोजना हुन्छ। स्पेशल शिविर १० दिने छुट्टै गरिन्छ। सतिपठान शिविर वर्षमा एकपल्ट गरिन्छ। ध्यानकर्मीहरूले स्वेच्छाले दान दिन सक्छन् तर ध्यानमा नबस्नेहरूको दान स्वीकार गरिंदैन। अर्थात् यहाँ दान दिन ध्यानमा बस्नै पर्छ। यहाँ अङ्ग्रेजी तारीख अनुसार अक्सर १० दिने ध्यान शिविर चल्दछ। जसलाई आर्य मौन पनि भनिन्छ। शिविर क्षेत्र शान्त एकान्त छ। पानी, बिजुली, खानाको लागि पाकशाला, गुरुहरू चौबीसै घण्टा तैनाथ देखिन्छन्। १० दिने विपश्यनामा दशौं दिन बिहान १० बजे मौन टुट्ने र भोलिपल्ट शिविरको बसले सबैलाई मकालु होटल अगाडि छाड्ने र जान चाहनेहरूलाई परवानीपुर लग्ने व्यवस्था रहेछ। अशोक कर्ण यहाँका क्षेत्रीय गुरु रहेछन्। १० दिनको ध्यान गर्न यहाँ निकै व्यक्तिहरूले नाम लेखाउँदा रहेछन्। यहाँ १० दिने विपश्यना हरेक अङ्ग्रेजी महीनाको २ तारिख देखि १३ तारिखसम्म आयोजना गरिन्छ। १० दिने ध्यान शिविरमा आउने–फर्कने गर्दा ११ दिन लाग्छ। मान्छेहरूले बिस्तारै विपश्यनाको महत्त्व बुझ्न थालेका छन्। बजारिया कोलाहलबाट छुटकारा लिंदै १० दिने ध्यान निकै प्रभावकारी देखिन्छ ध्यानमा मोबाइलसमेत बन्देज हुन्छ। विपश्यना ध्यान केन्द्रको फाइदाबारे जानकारी लिन परवानीपुर जान सकिन्छ।

**यो युरोप होइन**

कुनै जमानामा कोशी अञ्चलबाट सञ्चालित कन्काई बसको यस्तो विज्ञापन आउँथ्यो– घुम्नुपर्छ ए साइली बैंसको बेलामा, जान्छु भन ए साइली बैंसको बेलामा, जाऊ न हरर कन्काई बसैमा। पञ्चायती व्यवस्था सँगसँगै कन्काई बस पनि हरायो। पर्यटकीय गतिविधि विकास होस् भनेर यही वैशाख १ गतेदेखि राजधानीको ठमेल र दरबारमार्ग चौबीसै घण्टा खुला हुने भएका छन्। हाम्रो महानगर पनि के कम! रात्रि बजारको अवधारणा ल्याइहाल्यो। सधैं काठमाडौं महानगर र भरतपुर महानगरझैं आर्थिक सहयोगको याचना गर्ने वीरगंजका मेयरले ठूलो प्रचारप्रसार र तामझामका साथ यही चैत २९, ३० वैशाख १ गते एकपल्ट फेरि रात्रिबजारको असफल जोर अजमाइश गरे। चैत २९ गते म पनि लहलहैमा वीरगंजको रात्रि बजार अवलोकन गर्न पुगें तर त्यहाँ रात्रिबजारको नाममा चना चटपटे, पानीपुरी, मःमः, आइसक्रिम, कोल्ड ड्रिंक्स, पावभाजीबाहेक बजार भन्न सुहाउँदो केही फेला पारिनँ। पुरानो बसपार्कका छोटेमोटे स्टलहरूले समेत दैनिक एक हजारको दरले तीन दिनको तीन हजार भाडा तिर्दा रहेछन्। यो रात्रि मेला नभई रात्रि ठेलाझैं लाग्यो। त्यहाँ खोम्चा, ठेलाबाहेक अर्थोक देखिनँ मैले। हो, नीलो कुर्तामा सजिएर मेयरसाब यताउता गर्दैथिए। जेसुकै भए पनि मैले हात उठाएर अभिवादन गरें।

वीरगंजमा आजकाल सधैं दिनदहाडै मोटरसाइकल चोरी हुन्छ। असुरक्षित स्थानमा सुरक्षाकर्मी देखिंदैनन्। बोर्डर क्षेत्र भएकोले उताका अपराधीहरूको आनाजाना भइरहन्छ। पाकेटमार सलबलाइ रहन्छन्। उरन्ठेउला केटाहरूको बिगबिगी, गँजेडी, नसेडीहरू दिउँसै दादागिरी गर्छन्, दिनदहाडै चोरी भइरहन्छ। अब यस्तो अवस्थामा त्यो पनि आदर्शनगरजस्तो संवेदनशील क्षेत्रमा रात्रि बजारको नाममा गुलजार गर्न पाइन्छ? रात्रि बजारको नाममा गुलछर्रा उडाउन पाइन्छ? नाम रात्रिबजार तर दिउँसो चार बजेदेखि नै चाट चटपटेवालाहरू पसल चालू गर्छन्। यातायात जाम हुन्छ। यिनले सजिलोको खातिर आफ्नो व्यापारिक ठेला, खोम्चा चौबीसै घण्टा त्यही राख्नाले दिउँसो त्यहाँ सडक साँघुरो हुने, जामको समस्या विकराल भएको छ। अनि हरियाली क्षेत्र भनिने आदर्शनगर फूटपाथमा रोपिएका हरिया रूखहरू सयकडौं ग्याँस चुलोको ताप र रापले मुर्झाउन थालेका छन्।

रात्रि मेलाको व्यापार गर्ने निहुँमा सद्दे पिच सडक फोर्ने, प्वाल पार्नाले दुर्घटना निम्तिने देखिन्छ। रात्रिबजार बेकामिल, आवाराहरूको टाइमपास गर्ने माध्यम पनि बनेको छ। रात्रि बजारमा बासी, काँचो चाउमिन र अन्य खानेकुरा बजारभन्दा धेरै महँगो छ। अर्थात् रात्रिकालीन बजारको नाममा लूटको छुट छ। यसलाई व्यापार फस्टाएको भन्ने? दिउँसोको बजार व्यवस्थित गर्न नसक्नेहरूले रात्रि बजार भनेर गर्व गरेको देख्दा हाँसो उठ्छ। अँधेर नगरी चौपट राजा टका सेर भाजा टका सेर खाजा भनेकै यही हो। घाँटी हेरेर हाड निल्नु भन्ने त उखान नै छ। साँधुरो सडक भएको यो महानगरमा रात्रि व्यापारको नाममा सडक अकुपाइ गरेर दिउँसो होस् कि राति आत्मरतिका लागि मेलाको नाममा जथाभावी गर्ने छुट कसैलाई छैन।

**मन्तव्य**



कुमार रुपाखेती

**वीरगंजमा आजकाल सधैं दिनदहाडै मोटरसाइकल चोरी हुन्छ। असुरक्षित स्थानमा सुरक्षाकर्मी देखिंदैनन्। बोर्डर क्षेत्र भएकोले उताका अपराधीहरूको आनाजाना भइरहन्छ। पाकेटमार सलबलाइ रहन्छन्। उरन्ठेउला केटाहरूको बिगबिगी, गँजेडी, नसेडीहरू दिउँसै दादागिरी गर्छन्।**

# जन्मदर्ता नहुँदा अवसरबाट वञ्चित

महोत्तरी, १६ वैशाख/रासस

जन्मदर्ता नबनाउँदा ससाना बालबालिका विभिन्न अवसरबाट वञ्चित हुँदै आएका छन्। पाँच वर्षमुनिका बालबालिकालाई उपलब्ध गराइने पोषण भत्ता, छोरी शिक्षा बीमा र विद्यालय भर्नाजस्ता अवसर जन्मदर्ता नहुँदा छुट्ने गरेका छन्। खासगरी अतिविपन्न मुसहर, बाँतर, डोम, हलखोर र मेस्तर जाति समुदायमा यो समस्या बढी देखिएको छ।

महोत्तरीको भङ्गाहा–४ रामनगर बस्तीकी हेमनी सदाका तीन छोराछोरीमा कसैको जन्मदर्ता छैन। यसैगरी, सोही वडाको पलार बस्तीका बाँतर परिवारमा जन्मदर्ता नहुँदा पाँच वर्षमुनिका बालबालिकाले पोषण कार्यक्रमको रकम पाउन सकेका छैनन्। शिक्षा र सामाजिक चेतनाको कमीले विद्यालय भर्नाबारे अभिभावकमा खासै चासो नभए पनि पोषणको रकम नपाउँदा बाँतर आमा आफ्ना छोराछोरीले नपाएको गुनासो गर्छन्। "वडा कार्यालयका कर्मचारी जन्मदर्ता देऊ भन्छन्, अहिले नबनेको हुँदा पैसा पाइएन," छोराछोरीको पोषणभत्ता नपाएर खिन्न बनेकी पलारकी पुकारी बाँतर भन्छिन्, "अब चाहिं बच्चाको जन्मदर्ता गर्न तातेकी छु।" महोत्तरीका मुसहर, बाँतर, डोम, हलखोर र मेस्तर जाति समुदायको बसोबासका बस्तीमा यस्ता समस्या देखिन्छन्।

यी जाति समुदायमा गरीबी, अशिक्षा र सामाजिक चेतनाको कमी छ। गरीबी र चेतनाको कमीले शिक्षा यिनीहरूको प्राथमिकतामा पर्दैन। किशोरावस्था टेकेपछि छोराछोरीले कतै काम गरेर घरको गर्जो टार्ने काममा सघाऊन् भन्ने अभिभावकको मुख्य ध्येय देखिन्छ। तर आर्थिक अवसर छुट्दा यिनीहरू खिन्न भने हुन्छन्। पाँच वर्षमुनिका बालबालिकालाई दिइने पोषण भत्ताको 'पोषण' बुझ्ने जरुरी यी ठान्दैनन्। बरु त्यो रकमले घरपरिवारको गुजारामा सहयोग पुग्ने आस भने अभिभावक गर्छन्। 'पोषण' भत्ताको कुरा थाहा पाएपछि भने नानीहरूको जन्मदर्ता गर्ने बढेको भङ्गाहा–४ वडा कार्यालयका सचिव तेजनारायण सिंह बताउँछन्।

महोत्तरीसहितका मधेसमा जन्मदर्ता नबन्नुमा इच्छा, तत्परता नभएर मात्र नभई आवश्यक प्रमाण कागजातको अभाव पनि कारण देखिन्छ। बुबाआमाको नागरिकता नबनेको र बुबाआमाको विवाह दर्ता नभएको अवस्थामा ससाना नानीहरूको जन्मदर्ता गर्न कानूनी अड्चन छ। वडा कार्यालयका सचिवले जन्मदर्ता गर्नुअघि यी आवश्यक कागजात माग गर्दा देखाउन नसकेपछि

(बाँकी अन्तिम पातामा)



**फेरिएको बारपाक:** विसं २०७२ वैशाख १२ गते गएको विनाशकारी भूकम्पले फेरिएको बारपाक। भूकम्पअघि ढुङ्गैढुङ्गाका घरहरू रहेको बारपाकमा भूकम्पपछि आधुनिक घरहरू निर्माण भइरहेका छन्। तस्बिरः दीपक श्रेष्ठ/रासस

## फरक समाचार

# नुनिलो खान इच्छा हुँदैछ ?

मीठो खानेकुरा जस्तै धेरै मानिस नुनिलो खानेकुराको अत्यधिक चाहना गर्छन्, यो स्वास्थ्यको लागि राम्रो होइन, यसको मतलब शरीरमा केही कुराको कमी भइरहेको छ।



नुनिलो खानेकुराको नपाउँदा बोर लाग्ने, तनाव र अन्य स्वास्थ्यसम्बन्धी समस्याहरू निम्तिन सक्छ। तर हामी सबैलाई थाहा छ, नूनको अत्यधिक सेवनले रक्तचाप बढाउन सक्छ। तसर्थ नुनिलो खानेकुराको लालसालाई कुनै पनि हालतमा नियन्त्रण गर्नुपर्छ।

**नूनको लालसा कसरी कम गर्ने:** प्रसिद्ध पोषणविद् नमामी अग्रवालले इन्स्टाग्राम पोस्टमा लेखेकी छिन्– 'जब तपाईंलाई नुनिलो खानेकुराको तृष्णा हुन्छ, आहारमा पोटाशियमयुक्त खानेकुराहरू समावेश गर्नुहोस्। पोटाशियम एउटा खनिज हो, जसले शरीरका विभिन्न कार्यमा महत्त्वपूर्ण भूमिका खेल्छ र नुनिलो खाने इच्छा कम गर्न मदत गर्छ। नुनिलो खाने इच्छालाई मात दिने पोटाशियमयुक्त आहारहरू:

**१. केरा:** केरा पोटाशियमको उत्कृष्ट स्रोत हो। यो सजिलै पाइने फल हो। केराले तपाईंको आहारमा अन्य धेरै आवश्यक पोषक तत्त्व पनि थप्न सक्छ।

**२. शक्खरखण्ड:** जाडोको मौसममा पाइने शक्खरखण्ड स्वादिलो हुनुका साथै यसमा पौष्टिक तत्त्व पनि प्रशस्त हुन्छ। यो नुनिलो खोनकुराको लालसा कम गर्न प्रभावकारी छ।

**३. पालक:** काँचो र पकाएको पालकले शरीरमा पोटाशियमको मात्रा बढाउन सक्छ। फलाम, फोलिक एसिड, क्याल्शियम, फाइबर र अन्य आवश्यक पोषक तत्त्वहरू प्रदान गर्छ।

नमामी अग्रवाल भन्छिन्– यी खानेकुराहरूले नूनयुक्त खानेकुराको लालसालाई कम मात्र गर्दैन, शरीरलाई आवश्यक पोषक तत्त्वहरू पनि प्रदान गर्छ। पोटाशियमले मांसपेशी, स्नायु र शरीरको तरल पदार्थको उचित कार्यमा योगदान पुऱ्याउँछ।

# गर्मीमा तरबुजा खानुपर्छ

अहिले प्रचण्ड गर्मी छ र बजारमा मौसमी फलफूलहरू पनि बेच्न राखिएका छन्। चर्को घाम र गर्मीमा शरीरलाई हाइड्रेट राख्नुपर्छ किनभने गर्मीमा पानीको कमीले शरीरमा धेरै रोग निम्त्याउँछ। यस्तो अवस्थामा बजारमा धेरै प्रकारका फलहरू उपलब्ध छन्, जसमध्ये एउटा हो, तरबुजा। मीठो रातो तरबुजा स्वास्थ्यको लागि धेरै लाभदायक छ। तरबुजाले शरीरमा तरल पदार्थको आपूर्ति मात्र गर्दैन, अन्य धेरै फाइदा पनि हुन्छ।



**पानी आपूर्ति:** तरबुजा खाँदा शरीरमा पानीको कमी हुँदैन। तरबुजामा प्रशस्त मात्रामा पानी हुन्छ। यसका साथसाथै यसले ढाड दुख्ने, चक्कर लाग्ने, मुख सुक्खा हुनेजस्ता समस्याहरू हटाउन मदत गर्छ।

**पाचन समस्यामा राहत:** तरबुजाले पाचनसम्बन्धी समस्याबाट मुक्ति दिलाउँछ। तरबुजा सजिलै पच्छ, यसमा प्रशस्त मात्रामा फाइबर हुन्छ, जसले पाचन प्रणालीलाई मजबूत बनाउँछ र ग्याँस, अपचलगायत रोगबाट राहत दिन्छ। यदि कसैलाई गर्मीमा झाडापखालाजस्ता समस्या छ भने विशेषगरी यसको सेवन गर्नुपर्छ।


**वजन घटाउँछ:** यदि तपाईं व्यायाम नगरी घरमैं बसेर तौल घटाउन चाहनुहुन्छ भने तरबुजामा फाइबर र पानीको मात्रा बढी हुन्छ। यसले लामो समयसम्म पेट भरिरहन्छ, क्यालोरी कम गर्छ र वजन घटाउँछ।

**स्वस्थ प्रतिरक्षा प्रणाली:** भिटामिन 'सी'ले भरपूर तरबुजाले प्रतिरक्षा प्रणालीलाई स्वस्थ राख्न मदत गर्छ, यसको सेवनले भाइरल इन्फेक्शनको डर हुँदैन। तरबुजामा भिटामिन ए, सी र एन्टिअक्सिडेन्ट उच्च मात्रामा पाइन्छ। जसले रोग प्रतिरोधात्मक क्षमता बढाउन मदत गर्छ।

**रक्तचाप सन्तुलित:** तरबुजामा एमिनो एसिड हुन्छ, जसले रक्तचापलाई सन्तुलनमा राख्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

**गर्मीमा स्वीमिङको फाइदा**



# अन्तर्राष्ट्रिय समाचार

## गाजामा युद्धविराम विश्व आर्थिक मञ्चको प्रमुख एजेन्डामा

रियाद, १६ वैशाख/एएफपी

गाजामा जारी युद्ध र मध्यपूर्वको तनाव व्यापक समाधानका लागि आइतवार विशेष बैठकको आह्वान गरिएको छ।



इजरायलको हवाई आक्रमणपछि मध्यपूर्व गाजाको दृश्य। तस्वीरः सिन्ह्वा

विश्व आर्थिक मञ्चको साउदी अरबद्वारा आयोजित आजदेखि शुरू हुने दुई दिने विशेष बैठकमा गाजामा जारी युद्ध र मध्यपूर्वको तनाव समाधान छलफलको केन्द्रमा रहने अपेक्षा गरिएको छ।

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन, प्यालेस्टाइनी नेता र इजरायल र हमासबीच युद्धविरामका लागि मध्यस्थता गर्ने प्रयास गरिरहेका अन्य देशका उच्चपदस्थ अधिकारीहरू विश्वको सबैभन्दा ठूलो कच्चा तेल निर्यातकर्ता साउदी अरबको राजधानी रियादमा हुने शिखर सम्मेलनको अतिथि सूचीमा छन्।

साउदी अरबका योजनामन्त्री फैजल अल-इब्राहिमले शनिवार आयोजित पत्रकार सम्मेलनमा भने-"विश्व अहिले सुरक्षा र समृद्धिलाई सन्तुलित बनाउने प्रयासमा छ।"

"हामी यस्तो क्षणमा भेट्दैछौं, जब एक गलत निर्णय वा एक गलत अनुमान वा एक गलत सञ्चारले हाम्रा चुनौतीलाई अझ बढाउनेछन्।"

एएफपीले इजरायली आधिकारिक तथ्याङ्कको आँकडा अनुसार अक्टोबर ७ मा हमासले दक्षिणी इजरायलमा गरेको अकल्पनीय आक्रमणबाट शुरू भएको गाजा युद्धका कारण करीब १,१७० व्यक्तिको मृत्यु भएको थियो। मारिनेमा अधिकांश सर्वसाधारण थिए।

आक्रमणका क्रममा गत अक्टोबर ७ मा लडाकूहरूले कब्जामा लिएका १२९ जना बन्धक अझै गाजामा रहेका र तीमध्ये ३४ जनाको मृत्यु भइसकेको इजरायलको अनुमान छ।

बैठकमा प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बास, मध्यपूर्व र युरोपका विदेशमन्त्री तथा प्रधानमन्त्रीसमेत सहभागी हुनेछन्।

उक्त अवसरमा फ्रान्स, जर्मनी, बेलायत र युरोपेली सङ्घका विदेशमन्त्री तथा कतार, जोर्डन, इजिप्ट र इराकका प्रधानमन्त्रीसमेत सहभागी हुनेछन्। सम्मेलनमा एक हजारभन्दा बढी सहभागीमध्ये १२ जना राष्ट्राध्यक्ष र सरकार प्रमुखको सहभागिता रहेको ब्रेन्डेले शनिवार जानकारी दिए।

सम्मेलनमा वाशिङ्टनका उच्च कूटनीतिज्ञ एन्टोनी ब्लिन्केनसमेत सहभागी हुने अपेक्षा गरिएको आयोजक साउदी अरबले जनाएको छ।

विश्व आर्थिक मञ्च (डब्ल्युइएफ) का अध्यक्ष बोर्गे ब्रेन्डेले शनिवार रियादमा आयोजित पत्रकार सम्मेलनमा अमेरिकी विदेशमन्त्री ब्लिन्केन चीन भ्रमणपछि इजरायल जाने क्रममा साउदी अरब पुग्ने कार्यक्रम तय भएको बताए।

उनले भने-"गाजामा हामीले सामना गरिरहेको गतिरोधबाट बाहिर निस्कने सम्भावित उपाय र बन्धकहरूबारे केन्द्रित वार्तामा अब केही नयाँ गति आएको छ। सम्मेलनमा गाजामा जारी मानवीय अवस्था र इरानसँगको क्षेत्रीय पक्षहरूमा पनि छलफल हुने भएकोले यो धेरै परिणामी बैठक बन्ने सम्भावना छ।"

हमासले गाजामा सम्भावित युद्धविरामका सम्बन्धमा इजरायलको पछिल्लो प्रतिप्रस्तावबारे शनिवार अध्ययन गरिरहेको बताएको छ भने सञ्चार रिपोर्ट अनुसार वार्ताको मध्यस्थता गरिरहेको इजिप्टको एक प्रतिनिधिमण्डल अवरुद्ध वार्ता शुरू गर्न इजरायल पुगेको उल्लेख गरिएको छ।

साउदी अरबले इजरायललाई कहिल्यै मान्यता दिएको छैन तर अक्टोबर ७ मा भएको आक्रमण अघि नै इजरायललाई मान्यता दिनेबारे विचार गरिरहेको छ। रियाद र वाशिङ्टनले आफ्नो सुरक्षा साझेदारी अझ मजबूत बनाउने सम्झौतामा वार्ता जारी छ।

साउदी अधिकारीहरूले गाजामा युद्ध र सम्भावित क्षेत्रीय द्वन्द्वले खाडी राज्यको महत्त्वाकाङ्क्षी दृष्टिकोण-सामाजिक र आर्थिक सुधार एजेन्डा-२०३० लाई बाधा पुऱ्याउन सक्ने आशङ्का व्यक्त गरेका छन्। रासस



**मुसलको सहायताले धान कुट्दैः** छायानाथ रारा नगरपालिका-११ रोवा गाउँमा आधुनिक मिल नहुँदा काठको मुसलको सहायताले धान कुट्दै स्थानीय बासिन्दा। भर्खरै मात्र यहाँ सडक सञ्जालको पहुँच पुगेको छ। विद्युत्का पोल गाडिए पनि विद्युत् सेवा सञ्चालनमा आइसकेको छैन। तस्बिरः हेमन्त केसी/रासस

## दर्शकको साथ पाए नेपाली चलचित्रले

काठमाडौं, १६ वैशाख/रासस

नयाँ वर्ष विसं २०८१ शुरू भएदेखि नै दर्शकहरूले नेपाली चलचित्रलाई साथ दिन थालेका छन्। गत वर्ष नेपालमा विदेशी चलचित्रको प्रभाव रहेको र स्वदेशी चलचित्रलाई प्रदर्शकले नै बेवास्ता गरेको आरोप थियो। त्यही आरोप लगाएर केही निर्माताले चलचित्रको प्रदर्शनसमेत स्थगित गरेका थिए। यद्यपि गत वर्षको चैत ९ गतेदेखि सार्वजनिक प्रदर्शन शुरू गरिएको चलचित्र 'महाजात्रा' पछि प्रदर्शन गरिएको 'डिग्री माइला', 'बोक्सीको घर' लाई दर्शकले साथ दिएका छन्।

'महाजात्रा' को यात्रा ५१औं दिन उन्मुख छ। लेखक तथा निर्देशक प्रदीप भट्टराईका यसअगाडिका चलचित्रहरूले पनि ५१औं दिन पूरा गरेकाले यसपटक पनि त्यो आशा गर्न सकिन्छ। "अहिले दर्शकले नेपाली चलचित्रलाई साथ दिइरहनुभएको छ। यसले हामीलाई उत्साहित बनाएको छ। समग्रमा यो चलचित्रका लागि सुखद सुरुआत हो," निर्देशक भट्टराईले भने।

चलचित्रमा हरिवंश आचार्य, विपिन कार्की, वर्षा राउत, रवीन्द्रसिंह बानियाँ, रवीन्द्र झा, दिव्य देवलगायतले अभिनय गरेका छन्। डिग्री पास बेरोजगारको कथालाई प्रस्तुत गरिएको रामबाबू गुरुङले निर्देशन गरेका चलचित्र 'डिग्री माइला' तेस्रो सातामा प्रदर्शन भइरहेको छ। यो चलचित्रले रु छ करोडभन्दा बढीको 'ग्रस कलेक्सन' गरिसकेको निर्माता मणिराम पोखरेलले जानकारी दिए। युवाको सपना र क्षमतालाई प्रस्तुत गरिएको नाटक 'डिग्री माइला'कै पात्रबाट प्रभावित भई तयार गरिएको चलचित्रमा दयाहाङ राई शीर्ष भूमिकामा छन्।

"यो पात्रले हाम्रो समाजका धेरै पक्षलाई देखाएको छ। शिक्षा, समाज, ग्रामीण अवस्था र बेरोजगार युवाको अवस्थालाई माइला पात्रमार्फत व्यक्त गरिएको छ," अभिनेता राईले भने, "यो पात्रलाई नाटकबाट चलचित्रमा ल्याउने सपना बल्ल पूरा भएको छ। अब यो कथा धेरैसम्म पुऱ्याउनु छ।" गत वर्ष चैत ३० गतेदेखि प्रदर्शन गरिएको चलचित्रमा अभिनेता राईसँगै आँचल शर्मा, विजय बराल, बुद्धि तामाङ, माओत्से गुरुङ, प्रकाश घिमिरेलगायत कलाकारले अभिनय गरेका छन्।

यस्तै, गत वैशाख १४ गतेदेखि प्रदर्शन गरिएको चलचित्र 'बोक्सीको घर'लाई पनि दर्शकले उस्तै साथ दिएका छन्। शुक्रवार आधुनिक चलचित्र भवन (मल्टिप्लेक्स)मा प्राप्त अधिकांश 'शो'हरू भरिभराउ थिए। शनिवार पनि सोही क्रमले निरन्तरता पायो। विभिन्न चलचित्र भवनमा पुगेर दर्शकसँग साक्षात्कार गरिरहेकी अभिनेत्री केकी अधिकारी दर्शकको उत्साहजनक उपस्थिति देखेर दङ्ग छिन्।

"सुरुआती समयमै हामीलाई विश्वास गरेर दर्शक हलसम्म आइरहनुभएको छ। यसले हामीले पनि जिम्मेवारी बढेको महसूस गरेका छौं। दर्शकले मनोरञ्जनसँगै सन्देश पनि पाउनुभएको छ," अभिनेत्री अधिकारीले भनिन्। सुलक्षण भारतीको लेखन तथा निर्देशन रहेको चलचित्रमा थपलिया, सुपला सापकोटा, स्वेच्छा राउत, सुषमा निरौला, सबिन

(बाँकी अन्तिम पातामा)

## मासिक ६० लाख अफगानीलाई विश्व खाद्य कार्यक्रमद्वारा सहयोग वितरण

काबुल, १६ वैशाख/एएनआई

अफगानिस्तान मानवीय सङ्कटसँग लडिरहेको बेला विश्व खाद्य कार्यक्रमले त्यहाँ हरेक महीना ६० लाख मानिसलाई खाद्यान्न र नगद वितरण गरिरहेको खामा प्रेसले जनाएको छ।

संयुक्त राष्ट्रसङ्घीय निकायले प्रेस विज्ञप्तिमार्फत अफगानिस्तानमा यस वर्ष दुई करोड ३७ लाख मानिसलाई मानवीय सहायता आवश्यक पर्ने बताएको छ।

संयुक्त राष्ट्रसङ्घको अनुमान अनुसार अफगानिस्तानमा करीब एक करोड ५८ लाख मानिसले खाद्य असुरक्षा सङ्कट र आपतकालीन अवस्था अनुभव गर्नेछन्। त्यहाँका मानिसका आधारभूत आवश्यकता पूरा गर्न संयुक्त राष्ट्रसङ्घको मानवीय मामिला समन्वय कार्यालयले तीन अर्ब ६० करोड अमेरिकी डलरको बजेट माग गरेको खामा प्रेसले जनाएको छ।

यसैबीच, पाकिस्तान, इरान र टर्कीजस्ता सीमा जोडिएका छिमेकी देशबाट जबरजस्ती निर्वासनका प्रतिवेदन आएको र यसले मानवीय सङ्कट अझ बढाएको छ।

अफगानिस्तान केही समयदेखि मानवीय आधारभूत आवश्यकताको सङ्कटसँग जुझिरहेको छ।

अफगान शरणार्थीहरूले सफा पानी, बस्ने ठाउँ, जागीर र चिकित्सा हेरचाहको अभाव र घर फर्कंदा धेरै आधारभूत अवरोध सामना गरिरहेका छन्।

चरम मौसमी अवस्थाका कारण यी शरणार्थीहरू त्यहाँ बसेका छन्। यहाँ जारी मानवीय प्रकोपलाई ध्यानमा राख्दै स्थानीय र अन्तर्राष्ट्रिय संस्थाहरूले तत्काल मदत र समर्थन उपलब्ध गराउनु आवश्यक रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ। रासस

## नाइजेरियामा दादुराका कारण १९ बालबालिकाको मृत्यु

अबुजा, १६ वैशाख/सिन्ह्वा

नाइजेरियाको उत्तरपूर्वी राज्य अदामावामा दादुरा सङ्क्रमणबाट हालसम्म कम्तीमा १९ जना बालबालिकाको मृत्यु भएको स्थानीय अधिकारीहरूले जानकारी दिएका छन्।

उत्तरी स्थानीय क्षेत्र मुबीमा दादुराको प्रकोपबाट दुई सयभन्दा बढी बालबालिका प्रभावित भएको आशङ्का गरिएको स्थानीय सञ्चारमाध्यमले बताएका छन्।

दादुराको प्रकोपबाट हुने जटिलताका कारण १९ जनाको मृत्यु भएको आधिकारिक प्रतिवेदनले सङ्केत गरेको छ।

आयुक्त ताङ्वामीले विकास प्रभावित समुदायहरूमा औषधि र चिकित्सकको टोली तत्काल परिचालन गरिएको जानकारी दिए।

उनले गम्भीर सङ्क्रमण भएका बालबालिकालाई विशेषज्ञ अस्पतालमा पठाइने बताए। उनले बालबालिकालाई खोप लगाउन अस्वीकार गर्दा उक्त दुःखद क्षण आएको भन्दै बालबालिकालाई दादुराविरुद्ध खोप नियमित लगाउन प्रोत्साहित गरे।

दादुरा पाँच वर्षमुनिका बालबालिकामा हुने भाइरल सङ्क्रमण हो तर खोपद्वारा सजिलै रोकथाम गर्न सकिन्छ।

खोक्दा वा हाच्छ्यूँ गर्दा निस्कने श्वासप्रश्वासका थोपाहरूबाट यो हावामा फैलिन्छ। रासस

### के के ...

भएको मानिनेछैन।

'सकार' गरेको जग्गा बेचबिखन गर्नुपर्ने व्यवस्थामा बैंक वा वित्तीय संस्था वा सहकारी सङ्घसंस्थाले कर्जा सुरक्षणबापत धितो लिएको जग्गा लिलाम बिक्री गर्दा कसैले लिलाम सकार नगरी सम्बन्धित बैंक वा वित्तीय संस्था वा सहकारी सङ्घसंस्था आफैंले सकार गर्दा हदबन्दीभन्दा बढी हुने भएमा त्यस्तो जग्गा सकार गरेको मितिले तीन वर्षभित्र बेचबिखन गरिसक्नुपर्ने व्यवस्था गरिएको छ। सो अवधिभित्र बेचबिखन नगरेमा त्यस्तो जग्गा बेचबिखन गर्न सरकारको स्वीकृति लिनुपर्नेछ।

विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ मा संशोधन गरी विदेशी विनिमय भुक्तानीको सिफारिश गर्न सक्ने व्यवस्था गरेको छ। उक्त व्यवस्थामा कम्प्युटर नेटवर्क वा कम्प्युटर प्रणालीमा प्रयोग हुने व्यवस्था छ।

कुनै सफ्टवेयर, हार्डवेयर वा कम्प्युटर वा सूचना प्रविधिसँग सम्बन्धित सामग्री वा सेवा विदेशबाट आयात गर्दा विदेशी मुद्रामा रकम भुक्तानी गर्नुपर्ने भई सम्बन्धित लगानीकर्ताले त्यस्तो सामग्री वा सेवा नेपाल भित्र्याउन विदेशी मुद्रा सटही सुविधा माग गरेमा सूचना प्रविधि विभागले प्रचलित कानूनबमोजिम विदेशी मुद्रा सटहीका लागि नेपाल राष्ट्र बैंकमा सिफारिश गर्नुपर्नेछ।

साथै अब लगानीकर्ताले विदेशमा शाखा कार्यालय वा एकाइ खोल्न सक्ने व्यवस्था भएको छ। नेपालमा स्थापित भएको सूचना प्रविधिमा आधारित व्यक्ति, फर्म, उद्योग वा कम्पनीले निर्माण गरेको सफ्टवेयर वा सूचना प्रविधि विषयसँग सम्बन्धित सेवा निर्यात गरी आर्जित रकम स्वदेश भित्र्याउने प्रयोजनका लागि विदेशमा शाखा कार्यालय खोल्न सकिने छ। यस्तै, एकाइ खोली व्यापारिक कारोबार गर्न आवश्यक भई सम्बन्धित व्यक्ति, फर्म, उद्योग वा कम्पनीले सो कुराको पुस्टचाइँ गर्ने कागजातसहित निवेदन दिएमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले त्यस्तो शाखा कार्यालय वा एकाइ खोल्न अनुमति दिनेछ।

सम्बन्धित व्यक्ति, फर्म, उद्योग वा कम्पनीलाई सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सिफारिशमा नेपाल राष्ट्र बैंकले एकपटकका लागि उपदफा (१) बमोजिम विदेशमा शाखा कार्यालय वा एकाइ स्थापना र सञ्चालन गर्न आवश्यक विदेशी मुद्रा सटही गर्न सुविधा प्रदान गर्न सक्नेछ भनी व्यवस्था गरेको छ।

विशेष आर्थिक क्षेत्र ऐन, २०७३ मा संशोधन गरी विशेष आर्थिक क्षेत्रमा उद्योग स्थानान्तरण गरी सञ्चालन गर्न सक्ने व्यवस्था छ। यो दफा प्रारम्भ हुँदाका बखत प्रचलित कानूनबमोजिम दर्ता भई वा अनुमतिपत्र लिई सञ्चालनमा रहेको उद्योगको लगानीकर्ताले प्रयोगमा ल्याइसकेको मेशीन, औजार वा उपकरण विशेष आर्थिक क्षेत्रमा स्थानान्तरण गरी उद्योग सञ्चालन गर्न सक्ने व्यवस्था छ।

संशोधित ऐनमा भनिएको छ-"अनुमतिपत्रवालाले विशेष आर्थिक क्षेत्रमा स्थापना भएको उद्योगले उत्पादन शुरू गरेको मितिले चार वर्षसम्म कम्तीमा १५ प्रतिशत र त्यसपछिका वर्षमा कम्तीमा ३० प्रतिशत उत्पादित वस्तु वा सेवा निर्यात गर्नुपर्नेछ।"

उद्योग र विदेशी लगानीकर्ताबीच वा नेपालमा स्थापना भई सञ्चालनमा रहेको उद्योग वा कम्पनी र विदेशस्थित उद्योग, फर्म वा कम्पनीबीच सम्झौता गरिने प्रविधिको हस्तान्तरण प्रविधि हस्तान्तरणमा पनि समावेश गरिएका छन्।

सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ मा संशोधन गरी राष्ट्रिय वनभित्र खनिज पदार्थ रहेको उत्खनन गर्नुपर्ने भएमा प्रचलित कानूनबमोजिम वातावरणीय अध्ययन गरी त्यसरी उत्खनन गर्दा वातावरणमा उल्लेख्य प्रतिकूल असर नपर्ने भएमा त्यस्तो खनिज पदार्थ उत्खनन गर्न नेपाल सरकारले वनक्षेत्र प्रयोग गर्न स्वीकृति दिन सक्ने रहेको छ।

औद्योगिक व्यवसाय ऐन, २०७६ संशोधन गरी स्टार्टअप उद्यम वा व्यवसायको दर्ता तथा सञ्चालन गर्नेलगायत रहेको छ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – ईश्वरभक्ति | वृष – वादविवाद |
| मिथुन – व्यापारवृद्धि | कर्कट – कडाश्रम |
| सिंह – सुसमाचार | कन्या – भयचिन्ता |
| तुला – मित्रमिलन | वृश्चिक – कान्तिक्षय |
| धनु – सुयश | मकर – खर्चवृद्धि |
| कुम्भ – धनलाभ | मीन – सफलता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



प्रचण्ड गर्मी र पानी नपरेपछि सर्लाहीका पोखरीहरू सुक्न थालेका छन् । तस्वीरः नितेश कर्ण

# सर्लाहीमा आठ लाख बढीलाई हात्तीपाइलेविरुद्धको औषधि खुवाइने

बरहथवा (सर्लाही), १६ वैशाख/रासस

राष्ट्रिय अभियान अन्तर्गत सर्लाहीमा पनि हात्तीपाइले रोगविरुद्धको आमऔषधि खुवाउने कार्यक्रम शुरू भएको छ । जिल्लामा सम्पूर्ण पालिकाले एकै साथ हात्तीपाइले रोगविरुद्धको आम औषधि खुवाउने अभियान शुरू गरेका छन् । विभिन्न पालिकाले औपचारिक कार्यक्रम नै आयोजना गरेर औषधि खुवाउन शुरू गरेको जनाएका छन् ।

स्थानीय प्रतिनिधि, स्वास्थ्यकर्मी, शिक्षकशिक्षिकालगायतले औषधिसेवन गरेर अभियानको सुरुआत गरेका थिए । बाग्मती नगरपालिकामा पनि औषधि खुवाउने कार्यक्रम शुरू गरिएको पालिकाका स्वास्थ्य शाखा संयोजक पदमबहादुर रायमाझीले जानकारी दिए । नगरकी कार्यवाहक प्रमुख लीलाकुमारी मोक्तानले सम्पूर्ण नगरवासीलाई निर्धक्क भएर औषधिसेवन गर्न आह्वान गर्दै अभियानको सुरुआत गरेकी थिइन् । शुरूमा उनी आफैंले औषधि खाएर शुरू गरेकी हुन् ।

योसँगै विद्यालयमा रहेका छात्रछात्रालाई औषधि खुवाउन शुरू गरिएको छ । बाग्मती नगरपालिकाले मात्र ३८ हजार बढीलाई हात्तीपाइले रोगविरुद्धको औषधि खुवाउने लक्ष्य लिएको जनाएको छ । यस्तै, आजदेखि वैशाख २९ गतेसम्म सञ्चालन हुने अभियान अन्तर्गत जिल्लामा आठ लाख बढीलाई हात्तीपाइले रोगविरुद्धको औषधि खुवाउने लक्ष्य राखिएको छ । अभियानमा सहभागी भई २०३० सम्ममा देशलाई हात्तीपाइले रोगमुक्त बनाउन सहयोग पु¥याइ दिन स्वास्थ्य कार्यालय सर्लाहीका प्रमुख डा नवलकिशोर झाले आग्रह गरे ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |




## गर्मीयाममा लाग्नसक्ने रोगबाट छुटकारा पाउनः

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको, बासी, जथाभावी राखिएका खानेकुरा नखाऔं,
- खुला स्थानमा राखिएका चटपटे, पानीपुरी, मःम, चाउमिनजस्ता खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घरबाहिर हिंड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन वा बसोबास गर्ने आसपासका क्षेत्रमा पानी जम्ने, खाल्डाखुल्डी, फोहोरका थुप्रो, कुहिएका वस्तुहरू भएमा हटाइ सफा राखौं,
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## जन्मदर्ता नहुने ...

धेरैले फेरि प्रयास नै गर्न छाडेका छन् । यसैगरी, कतिपय परिवारमा बुबाआमासँग यी कागजात भएपनि सोबारे चासो नराख्दा ससाना नानीहरूको जन्मदर्ता नबन्दा यिनीहरू राज्यबाट पाउने अवसरबाट वञ्चित भएका हुन् ।

महोत्तरीसहितका मधेस प्रदेशमा यस्ता बालबालिकाको सङ्ख्या झन्डै दुई लाखको हाराहारीमा रहेको राष्ट्रिय जनगणना–२०७८ को तथ्याङ्क अभिलेखमा उल्लेख छ । मधेसमा २०७८ को राष्ट्रिय जनगणना अभिलेखमा पाँच वर्षमुनिका बालबालिकाको सङ्ख्या सात लाख ९९ हजार ८९७ देखाइएको छ । यीमध्ये एक लाख ८८ हजार १७६ अर्थात् २३.४ प्रतिशतको विभिन्न कारणले जन्मदर्ता भएको छैन ।

समाजमा अशिक्षा र सामाजिक चेतनाको कमीले यसबारे देखिने बेवास्ता चिर्न राजनीतिक दल, सामाजिक सङ्घसंस्था र स्थानीय तहले जागरण कार्यक्रम सञ्चालन गर्नुपर्ने बुद्धिजीवी औंल्याउँछन् । नागरिक दायित्व र अधिकारबारेमा लगातार सुसूचित गराएपछि क्रमशः जन्मदर्ता गराउन र त्यसका लागि आवश्यक प्रमाण, कागजात जुटाउन तत्परता बढ्ने भङ्गाहा–३ का स्थानीय बासिन्दा एवं समाजशास्त्री शिवराज दाहालले बताए ।

## जन्मदिनको शुभकामना

पर्सागढी नगरपालिका–४ सबैयाटाँडी निवासी युवा नेता सुरज मानन्धर ३६



वर्ष पूरा गरी ३७ वर्ष प्रवेश गरेकोमा बधाई ज्ञापन गर्दै जन्मदिनको शुभकामना व्यक्त गर्दछु ।

**नरेश यादव**
पर्सागढी नगरपालिका

# खेलकूदको संसार

## वेस्ट इन्डिज 'ए' १० रनले विजयी

काठमाडौं, १६ वैशाख/रासस

नेपालविरुद्धको दोस्रो खेलमा वेस्ट इन्डिज 'ए' १० रनले विजयी भएको छ । जीतसँगै पाँच खेलको प्रतियोगिता एक/एकको बराबरीमा आएको छ । प्रतियोगिताको पहिलो खेलमा नेपाल चार विकेटले विजयी भएको थियो ।



कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा जीतका लागि १६१ रनको लक्ष्य पछ्याएको नेपाल निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा १५० रनमा समेटियो ।

नेपालका लागि कप्तान रोहितकुमार पौडेल ७१ रनमा अविजिति रहे पनि जीत दिलाउन सकेनन् । गुलशन झाले २६ र लोकेश बमले १७ रनबाहेक अन्य ब्याटरले उल्लेख्यनीय रन बनाउन नसक्दा नेपाल पराजित हुन पुग्यो ।

वेस्ट इन्डिज 'ए'को जीतमा ओबेद म्याककोय र गुडाकेश मोतीले दुई/दुई विकेट लिए भने रोसटन चेज र ओसेन थोमसले एक/एक विकेट लिए ।

त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको वेस्ट इन्डिज 'ए'ले निर्धारित २० ओभरमा सात विकेटको क्षतिमा १६० रन बनाएको थियो । उसका लागि आन्द्रे फ्लेचरले सर्वाधिक ४३ रन बनाए । उनले ३६ बल खेल्ने क्रममा तीन छक्का प्रहार गरे । साथै गुडाकेश मोतीले ३३, रोसटन चेजले २३ रनको योगदान दिए ।

नेपालका लागि कुशल भुर्तेल र सागर ढकालले दुई/दुई विकेट लिए भने सोमपाल कामी र दीपेन्द्र सिंह ऐरीले एक/एक विकेट लिए ।

प्रतियोगिताको तेस्रो खेल आगामी बुधवार हुनेछ ।

## राष्ट्रिय महिला हक्की : आर्मी क्लबको विजयी सुरुआत

काभ्रेपलाञ्चोक, १६ वैशाख/रासस

काभ्रेपलाञ्चोकको पर्यटकीय नगरी धुलिखेलमा शुरू भएको छैटौं साहना प्रधान स्मृति राष्ट्रिय महिला हक्की प्रतियोगितामा विभागीय टोली नेपाल आर्मी क्लबले विजयी सुरुआत गरेको छ ।



तस्वीरः एजेन्सी

शनिवारको उद्घाटन खेलमा आर्मीले गण्डकी प्रदेशलाई ३–० गोलअन्तरले हराएको हो । धुलिखेल खेलमैदानमा सञ्चालित खेलमा आर्मीलाई जीतको अग्रता दिलाउन सीमा खड्का, डम्मरा भट्ट र सरस्वती तामाङले एक/एक गोल गरेका थिए ।

आर्मीको तर्फबाट खेलको २१औं मिनेटमा सीमाले पहिलो गोल गरिन् भने डम्मराले खेलको ५०औं मिनेटमा र सरस्वतीले खेलको ५६औं मिनेटमा गोल गर्दै टीमलाई जीत दिलाउन सफल भएका थिए । उक्त जीतबाट प्रतियोगितामा आर्मीले तीन अङ्क जोडेको छ ।

प्रतियोगिता अन्तर्गत शनिवार नै भएको दोस्रो खेलमा लुम्बिनी प्रदेशले अग्रता जोगाउन नसक्दा मधेस प्रदेशसँग एक/एक गोलको बराबरीमा खेल सकिएको थियो । खेलमा लुम्बिनीका लागि अनन्या बर्णवालले खेलको सातौं गोल गर्दै टीमलाई अग्रता दिलाएकी थिइन् ।

मधेसका तर्फबाट भने खेलको ४०औं मिनेटमा आरतीकुमारी महतोले एक गोल गर्दै टीमलाई बराबरीमा ल्याएकी थिइन् । यस खेलबाट लुम्बिनी र मधेस प्रदेशले एक/एक अङ्क जोडेका छन् ।

बुधवारसम्म सञ्चालित उक्त प्रतियोगितामा नेपाल आर्मी, बाग्मती, गण्डकी, लुम्बिनी, मधेश र सुदूरपश्चिम प्रदेशका छवटा समूहको सहभागिता छ । प्रतियोगितामा सहभागी टीमलाई दुई समूहमा विभाजन गरी 'लिग कम नकआउट' आधारमा खेल सञ्चालित छ । प्रतियोगितामा पहिलो हुने टीमलाई रु एक लाख, दोस्रोलाई रु ७५ हजार र तेस्रो हुनेलाई रु ५० हजार नगद पुरस्कार प्रदान गरिनेछ भने हरेक खेलका 'प्लेयर अफ दी म्याच'ले रु पाँच हजार नगद प्राप्त गर्नेछन् ।

यस्तै, उत्कृष्ट डिफेन्डर, गोलरक्षक, सर्वाधिक स्कोरकर्ता र उदीयमान खेलाडीले जनही रु १० हजार नगद पुरस्कार पाउनेछन् ।

## नेपालका हिमाल र मञ्जुलाई 'ओपन दुआथलन' च्याम्पियनशिपको उपाधि

कास्की, १६ वैशाख/रासस

पोखरामा आइतवार सम्पन्न एशिया कप ट्रायथोलन तथा दक्षिण एशियाली च्याम्पियनशिप अर्न्ततको 'ओपन दुआथलन' मा पुरुष तथा महिला दुवैतर्फ नेपाली खेलाडी च्याम्पियन बनेका छन् ।

नेपाल ट्रायथलन सङ्घको आयोजना तथा गण्डकी प्रदेश र कास्की जिल्ला ट्रायथलन सङ्घको व्यवस्थापनमा भएको दुआथलनको सात किलोमिटर दौड र २० किलोमिटर साइक्लिङमा पुरुषतर्फ नेपालका हिमाल टमटा र महिलातर्फ मञ्जुकुमारी खड्का च्याम्पियन बनेका हुन् । उपाधि विजेता टमटाले निर्धारित दूरी ५१ मिनेट २४ सेकेन्डमा पार गरेका थिए । नेपालकै नवराज न्यौपानेले सो दूरी पार गर्न एक घण्टा तीन मिनेट ४७ सेकेन्ड लगाउँदै द्वितीय र लक्ष्मण मल्लले एक घण्टा चार मिनेट ५८ सेकेन्डमा दूरी पार गरी तृतीय बने ।

पुरुषतर्फको खुला प्रतिस्पर्धामा नेपालसहित भारत, बङ्गलादेश र जर्मनीका गरी नौ खेलाडीले प्रतिस्पर्धा गरेका थिए भने महिलातर्फ तीनजना खेलाडी मात्र सहभागी थिए । महिला ओपन दुआथलनमा च्याम्पियन बन्न सफल टोलीलाई नै राष्ट्रिय च्याम्पियन घोषणा गरिएको थियो ।

त्यसैगरी, महिलातर्फको 'ओपन' तथा राष्ट्रिय च्याम्पियनशिपको उपाधि विजेता खड्काले निर्धारित दूरी एक घण्टा १९ मिनेट ४५ सेकेन्डमा पूरा गरिन् । पुष्पा रोकायाले एक घण्टा २३ मिनेट ३६ सेकेन्डमा दूरी पार गरेर द्वितीय बन्दा प्रमिला धमलाले एक घण्टा २८ मिनेट ३४ सेकेन्डमा सो दूरी पार गरी तृतीय बने ।

एशिया कप ट्रायथलन तथा दक्षिण एशियाली च्याम्पियनशिप अन्तर्गतको एशिया कप ट्रायथलनमा भने पुरुषतर्फ इजिप्टका सिफेलडिन इसमाइ र महिलातर्फ आइसल्यान्डकी इडा हानिसडोटिर च्याम्पियन बनेका थिए ।

यसअघि गण्डकी प्रदेशका आर्थिक मामिला तथ योजनामन्त्री हरिबहादुर चुमानले प्रतियोगिताको शुभारम्भ गरेका थिए ।

विजेता खेलाडीलाई नेपाल ट्रायथलन सङ्घका अध्यक्ष नीलेन्द्रराज श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष दीपक कोइराला, नेपाल ओलम्पिक कमिटीका उपाध्यक्ष तेजबहादुर गुरुङ, पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठ, ट्रायथलन सङ्घका केन्द्रीय उपाध्यक्ष सुमन देवकोटा, स्थानीय व्यवस्थापन समितिका संयोजक डिल्लीराज सुवेदीलगायतले मेडल तथा प्रमाणपत्र प्रदान गरेका थिए ।

## दर्शकको ...

बाँस्तोलालगायत कलाकारले अभिनय गरेका छन् । केही समययता नेपाली चलचित्रमा दर्शकको उपस्थिति उत्साहजनक हुनु सुखद पक्ष रहेको वितरक करण श्रेष्ठले बताए । उनले भने, "विदेशी चलचित्रको उपस्थिति कम हुनु र नेपाली चलचित्रमा सुरुआती व्यापार नै उत्साहजनक हुनुले यो वर्ष राम्रो हुने सङ्केत गरेको छ । दर्शकलाई चलचित्र मन पर्दासम्म अब समय मिल्दा नेपाली चलचित्रमैं आउनुहुन्छ भन्ने हाम्रो अनुमान छ ।" नेपाली चलचित्रमा केही समयसम्म यसरी नै दर्शक देखिए यो वर्ष विदेशी चलचित्रलाई विस्थापित गर्दै नयाँ रेकर्ड बन्न सक्ने उनको विश्लेषण छ ।